प्राथमिक शिक्षक सेवाकालीन तालिम पाठ्यक्रम

# प्राथमिक शिक्षा र समुदाय विकास

श्री ५ को सरकार
**शिक्षा तथा खेलकूद मन्त्रालय**
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०५८

# प्राथमिक शिक्षा र समुदाय विकास


**लेखक:**
डा. सुन्दरश्याम भक्त माथेमा

**प्रथम परिमार्जनकर्ता:**
डा. सुन्दरश्याम भक्त माथेमा

**द्वितीय परिमार्जनकर्ता:**
डा. मन प्रसाद वाग्ले
श्री चिरंजीवी शर्मा
श्री तारामान जोशी
श्री गोपाल भण्डारी



**एशियाली विकास बैंक र प्राविधिक सहयोग १८३८**
**केम्ब्रिज एजुकेशन कन्सल्टेण्ट्सको सहयोगमा निर्मित**

प्रथम संस्करण : २०५४

दोस्रो संस्करण : २०५५ माघ

तेस्रो संस्करण : २०५८ मार्ग

G324

# भूमिका

प्राथमिक शिक्षा नै उच्च शिक्षाको जग भएकाले यस तहको शिक्षालाई अझ गुणस्तरीय बनाउनु आजको आवश्यकता हो । प्राथमिक तहमा शिक्षाको प्रमुख संवाहक शिक्षकहरू नै भएको हुँदा दक्ष र तालिम प्राप्त शिक्षकहरूबाट मात्रै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । देशमा विद्यमान तालिम अप्राप्त शिक्षकहरुको ठूलो संख्यालाई तालिम प्रदान गरी योग्य र सक्षम शिक्षकहरू तयार गर्न शैक्षिक जनशक्ति विकास केन्द्रले १० महिने सेवाकालीन प्राथमिक शिक्षक तालिम कार्यक्रमको सञ्चालन गर्दै आएको छ। शिक्षा तथा खेलकूद मन्त्रालयले शिक्षक नियुक्तिमा तालिमलाई अनिवार्य गराई तालिम अप्राप्त व्यक्तिहरूलाई शिक्षण कार्यमा संलग्न हुनबाट बञ्चित गराउनुपर्ने कुराको महशुस गरेको छ । यस सन्दर्भमा पर्याप्त आवश्यक तयारी समेत भइरहेको वर्तमान परिप्रेक्ष्यमा आफ्नो ज्ञान र सीपको विकास गर्न तथा वृत्तिविकासको लागि समेत शिक्षकहरू स्वयं नै तालिम प्रति आकर्षित हुनुपर्ने देखिन्छ ।

निरन्तर रूपमा १० महिनासम्म शिक्षकहरूलाई तालिममा सहभागी गराउँदा विद्यालयको पठन-पाठनमा वाधा पुग्न जाने कुराको महशुस गर्दै उक्त तालिम अवधिलाई ४ खण्डमा विभाजित गरी प्रत्येक खण्डलाई २.५ महिनाको तालिम अवधि निर्धारण गरिएको छ। प्रत्येक २.५ महिने तालिम अवधिका लागि छुट्टाछुट्टै प्राथमिक शिक्षक तालिम प्याकेजहरू निर्माण गरी लागु गरिएको छ । यो तालिम प्याकेजबाट शिक्षकहरूलाई सहभागितामूलक ढङ्गले क्रियाकलापमा आधारित भएर शिक्षण सीप र प्रविधिको ज्ञान आर्जन गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

यस तालिम प्याकेज लेखन कार्य र परिमार्जन कार्यमा संलग्न हुनु भएका विद्वान महानुभावहरूलाई यो केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२०५८ मार्ग

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषय सूची


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | प्राथमिक शिक्षाको अर्थ र महत्व | ५ |
| २. | नेपालमा प्राथमिक शिक्षाको उद्देश्य | ८ |
| ३. | नेपालमा प्राथमिक शिक्षाको विकास | ११ |
| ४. | प्राथमिक शिक्षाका समस्याहरू | १४ |
| ५. | प्राथमिक शिक्षा विकासको लागि गरिएका प्रयासहरू | १६ |
| ६. | प्राथमिक शिक्षाको प्रशासन र व्यवस्थापन | १८ |
| ७. | नेपालमा प्राथमिक शिक्षक तालीमको विकास | २१ |
| ८. | समुदाय विकासको अर्थ र महत्व | २४ |
| ९. | ग्रामीण जीवनका विशेषताहरू | २६ |
| १०. | समुदाय विकासका पक्षहरू | २८ |
| ११. | समुदाय विकासको लागि सेवाको उपलब्धता र त्यसको प्रयोग | ३३ |
| १२. | समुदाय विकासमा प्राथमिक शिक्षकको भूमिका | ३५ |
| १३. | विद्यालय समुदाय सम्बन्ध | ३७ |
| १४. | पाठ्यांशको परिचय | ३९ |
| १५. | पूरक सामग्री | ४६ |

# पाठ्यांशको संगठनात्मक स्वरूप

दश महिने सेवाकालीन प्राथमिक शिक्षक प्रशिक्षक कार्यक्रमका सबै पाठ्यसामग्रीहरू एकै किसिमबाट तयार गरिएका छन् । यी सबै सामग्रीहरू मूलत: दुई स्तम्भमा बाँडिएका छन् । पहिलो स्तम्भमा पाठ्यांशको आधारभूत अंग र दोस्रो स्तम्भमा पाठ्यांशको अतिरिक्त अंग रहेका छन्। पहिलो स्तम्भ अन्तरगत पाठ्यांशका प्रत्येक एकाइलाई पाँच खण्डमा विभाजन गरिएको छ भने दोस्रो स्तम्भमा प्रशिक्षक र सहभागीहरूको लागि पाठ्यांश तथा सन्दर्भ सामग्रीहरू समावेश गरिएका छन् ।

## पाठ्यांशको आधारभूत अंग

१. **उद्देश्य:**
यस खण्डमा शिक्षणका मुलभूत लक्ष्यलाई अंकित गरिएको छ । यसले सहभागीहरूको कार्यकलाप र सफलताको मापन पाठ्यांश शिक्षणको उद्देश्य अनुसार उपलब्धि खोज्दछ ।

२. **विषयवस्तु:**
यस खण्डमा सहभागीहरूको लागि निर्धारित विषयवस्तु, सामग्री तथा पाठ्यांशबाट के कस्ता ज्ञान, शीप, अभिवृत्तिहरूको आशा राखिएका छन् भन्ने कुराको वर्णन गरिएको छ ।

३. **शैक्षिक सामग्री:**
यस खण्डमा प्रशिक्षण अवधिभर सहभागी र प्रशिक्षकहरूले प्रयोगमा ल्याउने सम्पूर्ण शैक्षिक सामग्रीको बारेमा विस्तृत विवरण दिइएको छ ।

४. **शिक्षण विधि/कार्यकलाप:**
यस खण्डमा शिक्षणको क्रममा अपनाइने शिक्षण पद्धति, प्रक्रिया, विधि तथा क्रियाकलाप बारे विस्तृत वर्णन गरिएको छ ।

५. **मूल्याङ्कन:**
सहभागीहरूले खण्ड १ का अंकित उद्देश्यहरू के कति हासिल गरे भनी मूल्याङ्कन गरिने विधि, प्रविधि कार्यकलाप तथा प्रश्नहरूको विवरण यस खण्डमा दिइएको छ ।

६. **पाठ्यांशको विवरण:**
यस खण्डले पाठ्यांशको आधारभूत संगठन सम्बन्धी पक्षहरू जस्तै: पाठ्यांशको नाम, सामान्य परिचय, सामान्य उद्देश्य, पूर्णाङ्क, पाठ्यघण्टा, पिरियड, एकाइको नाम, एकाइ संख्या, प्रत्येक एकाइको निम्ति निर्धारित पाठ्यघण्टा आदिको विवरण प्रस्तुत गरेको छ ।

७. **सन्दर्भ सामग्री:**

यसमा सन्दर्भ सामग्रीहरू पाठ्यांशको कुन ठाउँसँग सम्बन्धित छन्, तिनलाई कहाँ कसरी उपयोग गर्न सकिन्छ र ती कुन ठाउँमा उपलब्ध हुन्छन् भन्ने बारेमा प्रशिक्षकलाई विवरण दिइएको छ ।

८. **प्रशिक्षक र सहभागीको लागि पूरक सामग्री:**

यस खण्डमा उपर्युक्त सातवटै बुँदाको उद्देश्य परिपूर्तिका लागि आवश्यक हुने पूरक सामग्रीहरू राखिएका छन् । यस्ता पूरक सामग्रीहरूमा पठनीय उद्धरण, प्रयोग गर्न सकिने वैकल्पिक विधि वा कार्यकलाप, प्रशिक्षक वा सहभागीहरूका लागि निर्देशन आदि विशेष थप सामग्रीहरू पर्दछन् ।

## THE TEN-MONTH IN-SERVICE PRIMARY TEACHER TRAINING COURSE

The 24 course which from the ten- month program are listed below. These courses are divided into four 2.5 month segments. The last two of these segments contain elective course of which the trainees must choose one course from three options.

| **First 2.5 Month Segment** | Cdt hr | **Second 2.5 Month Segment** | Cdt hr |
|---|---|---|---|
| Educationa foundations I | 45 | Education Foundation II | 45 |
| Nepali | 90 | English | 90 |
| Mathematics | 90 | Environment Science | 90 |
| Social Studies | 60 | Physical Education | 30 |
| Practice Training | 35 | Arts and Crafts | 30 |
| | | Practice Teaching | 35 |
| **TOTAL** | **320** | **TOTAL** | **320** |
| **Third 2.5 Month Segment** | Cdt hr | **Fourth 2.5 Segment** | Cdt hr |
| * Primary Education and Community Development | 90 | Child Development, curriculum and learning | 90 |
| Nepali | 35 | English | 35 |
| Mathematics | 35 | Environmental Science | 35 |
| Social Stidies | 35 | * Physical Edication | 17.5 |
| Practice Teaching | 35 | Arts and Crafts | 17.5 |
| | | Practice Teaching | 35 |
| (ELECTIVES - CHOOSE ONE) | | (ELECTIVES - CHOOSE ONE) | |
| Classroom organization | 90 | Evaluation Techniques | 90 |
| Non- Formal Education | 90 | Teaching/Learning Materials | 90 |
| Home Science | 90 | Physical Education | 90 |
| **TOTAL** | **320** | **TOTAL** | **320** |

**NOTE:** ** The course on this chart with the star beside it is the course which you are holding now.*

The total of 320 hours for each 2.5 nonth segment does not include the 10 hours at the of the segment which are designation for course evaluation. Thus, the total number of hours in each segment is 330. This is divided into 285 hours of formal instruction. 10 hours of course evaluation, and 35 hours of practice teaching. The numbers in this table refer to hours (60 minutes), not to periods (45 minutes). The division of each 2.5 month segment into 45 minute period is 380 periods of formal instruction, 13 periods of evaluation. and 47 periods of practice teaching.

The first and third 2.5 month segments cover subjects taught at all primary grades. The second and fourth segments cover subjects taught in grades four and five. The first and second segment are designed to give teachers the basic knowledge and skill needed to be effective teachers at the primary level. The third and fourth 2.5 month segments are designed to give these teachers advanced knowledge and skills and to enable them to related their work to wider issues of educational history, philosophy and psychology and to current educational problems and community development. The third and fourth 2.5 month segments include elective subjects to enable teachers to follow some of their personal interests.

All 24 courses were created by developers who are senior professionals at Tribhuwan University or at the MOEC. As they created the courses, these developers used materials from the Seti project Teacher Training Component, the BPEP 150 hours Course, the RED/DEO 150 hours Course, the RETT Distance Teacher Training Course, the PEDP/FOE Four - Month Course, the PEDP 2.5 month Course, standerd textbook used in the primary schools, and the MOE Primary School Curriculum Design.

All courses are based on this new MOE curriculum design. All course have been reviewed by panels of experts, trial tested, and revised in light of these reviews and trial tests. Further trial tests revisions will be conducted by the NCED, as needed.

# एकाइ १ : प्राथमिक शिक्षाको अर्थ र महत्व

समय: ६ घण्टा

**परिचय :**

कुनै पनि काम गर्ने व्यक्तिलाई आफूलाई सम्बन्धित कार्यको बारे ज्ञान हुनु अति जरूरी हुन्छ । यसले आफ्नो कार्यको दक्षता बढाउनुको साथै व्यक्ति काममा सफल पनि हुन्छ । प्राथमिक शिक्षकलाई प्राथमिक शिक्षा भनेको के हो ? यसले व्यक्ति, समाज र राष्ट्रको विकासमा कसरी योगदान पुऱ्याँदछ भन्ने कुराको ज्ञान हुनु आवश्यक छ । प्राथमिक शिक्षालाई श्री ५ को सरकारले विशेष महत्व दिएको छ । यसलाई नि:शुल्क पनि बनाएको छ साथै सन् २००० सम्ममा नेपालका सबै विद्यालय जाने उमेरका बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने अठोट पनि गरेको छ । अत: यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई प्राथमिक शिक्षाको साधारण परिचयात्मक ज्ञान दिनु हो ।

**१. उद्देश्य :**

यस एकाइको अन्तमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. प्राथमिक शिक्षाका विभिन्न पक्षहरूमा छलफल गर्न सक्नेछन् ।
२. व्यक्तिगत विकासको लागि प्राथमिक शिक्षा आधारभूत आवश्यकताको रूपमा वर्णन गर्न सक्नेछन् ।
३. सामाजिक विकासको लागि प्राथमिक शिक्षाले कसरी महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने कुरा बताउन सक्नेछन् ।
४. सन् २००० सम्ममा देशका सम्पूर्ण बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने राष्ट्रको प्रतिवद्धता बारे छलफल गर्न सक्नेछन् ।
५. सन् २००० सम्ममा सम्पूर्ण बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने कार्यमा आउने मुख्य मुख्य बाधाहरू बताउन सक्नेछन् ।
६. प्राथमिक शिक्षा उपलब्ध गराउने कार्यमा आउने बाधाहरू हटाउने उपायहरूबारे छलफल गर्न सक्नेछन् ।
७. प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार देशका सम्पूर्ण बालबालिकाहरूको हो भन्ने कुरा हृदयंगम गरी त्यसलाई प्रचार प्रसार गर्न तत्पर रहनेछन् ।

**२. विषयवस्तु :**

१. प्राथमिक शिक्षाको अवधारणा
२. व्यक्तिगत तथा सामाजिक विकासको लागि प्राथमिक शिक्षाले खेल्ने भूमिका
३. सन् २००० सम्ममा सबैलाई प्राथमिक शिक्षाको अवधारणा
४. प्राथमिक शिक्षालाई अनिवार्य गर्दा आउने वाधाहरू
५. वाधाहरूलाई हटाउने उपायहरू
६. प्राथमिक शिक्षा प्राप्त गर्ने सबैको अधिकार

३. शिक्षण सामग्री :

१. कागज

२. सन् २००० सालमा सबैलाई प्राथमिक शिक्षा उपलब्ध गराउने क्रममा आउन सक्ने वाधाहरू लेखिएको चार्ट

३. वाधाहरू हटाउने उपाय लेखिएको चार्ट

४. क्रियाकलाप / विधि :

१. प्राथमिक शिक्षाको अर्थ प्रत्येक सहभागीलाई आफ्नो अनुभवको आधारमा लेख्न लगाउने र उक्त लिखित कागज जम्मा गरी त्यसको आधारमा प्रशिक्षकले सहभागीहरूसँग छलफल गर्ने ।

२. प्राथमिक शिक्षाले व्यक्तिको विकासमा कसरी सघाउ पुऱ्याउँछ प्रशिक्षकले उल्लेख गर्ने ।

३. प्राथमिक शिक्षाले समाजमा विद्यमान कुरीतिहरूलाई हटाउन कसरी मद्दत पुऱ्याउँदछ छलफल गर्ने ।

४. पढ्न, लेख्न नजान्नाले जीवनमा के कस्तो किसिमको हानि - नोक्सानी हुन सक्दछ भन्ने कुरा झल्काउने स-सानो नाटक सहभागीहरूलाई तर्जुमा गर्न लगाउने ।

५. समाजमा विद्यमान कुरीतिहरू जस्तैः बालविवाह, जातिप्रथा, रूढीवादी विचारधारा आदिलाई हटाउन प्राथमिक शिक्षाले कसरी मद्दत पुऱ्याउँदछ छलफल गर्ने ।

६. सन् २००० सम्ममा सबै बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने कार्यमा आउन सक्ने वाधाहरू लेखिएका वालचार्ट प्रस्तुत गर्दै छलफल गर्ने । नमूनाको लागि एउटा ठूलो वाधाका रूपमा रहेको पढ्दा पढ्दै स्कूल छोडेर जानेको संख्या (Drop out trend) देखाउने चार्टको उदाहरण तल दिइएको छ ।

पढ्दा पढ्दै बीचमा विद्यालय छोड्नेको (Drop out) संख्या

| विद्यार्थी संख्या | पहिलो कक्षा सन् १९७८ | दोस्रो कक्षा सन् १९७९ | तेस्रो कक्षा सन् १९८० | चौथो कक्षा सन् १९८१ | पाँचौं कक्षा सन् १९८२ |
|---|---|---|---|---|---|
| सम्पूर्ण | ५०४५५७ | २४२६६५ | २०८६८६ | १५३८१३ | १३५०८० |
| केटीहरू | १३१८३६ | ५८५१६ | ५२१९० | ३४९७३ | ३१६७७ |

यस्तै किसिमको अरू विभिन्न चार्टहरू प्रदर्शन गरी सहभागीहरूबीच प्राथमिक शिक्षाको विकास तथा विस्तारमा आउने वाधाहरू बारे छलफल गर्न सकिन्छ ।

७. देशमा प्राथमिक शिक्षा विस्तार कार्यमा प्रभाव पार्ने तत्वहरूको चार्ट बनाई प्रस्तुत गरी छलफल गर्ने । नमूनाको लागि एउटा चार्ट तल दिइएको छ ।

विद्यालय भर्नामा प्रभाव पार्ने तत्वहरू

| | वाह्य तत्वहरू | आन्तरिक तत्वहरू |
|---|---|---|
| १. | अभिभावकको सामाजिक विचार धारा | विद्यालय सञ्चालनमा निपूर्णता |
| २. | अभिभावकको आर्थिक स्तर | पाठचक्रमको अनुरूपता |

| | | |
|---|---|---|
| ३. | घरबाट विद्यालयको दूरी | शिक्षण सिकाइको स्तरीयता |
| ४. | समुदायको परम्परागत भावना | शिक्षकको योग्यता |
| ५. | ...... ...... ...... ...... ...... | ...... ...... ...... ...... ...... |
| ६. | ...... ...... ...... ...... ...... | ...... ...... ...... ...... ...... |

यी बाहेक अरू तत्वहरू कुनै छन् भने सहभागीहरूसित छलफल गरी भर्न लगाउने ।

८. प्राथमिक शिक्षा विस्तार कार्यमा आउने बाधाहरूलाई हटाउन के के गर्न सकिन्छ ? केही उपायहरू प्रशिक्षकले दिने र सहभागीहरूबाट पनि उपायहरू दिन प्रोत्साहन गर्ने ।

९. प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार सबै बालबालिकाहरूको हो भन्ने उल्लेख गर्ने ।

१०. नजिकको प्राथमिक स्कूलमा सहभागीहरूलाई भ्रमण गर्न लगाई स्कूल सञ्चालन, विद्यार्थी भर्ना, बीचैमा स्कूल छोड्नेको संख्या, केटीहरूको भर्ना सम्बन्धी प्रतिवेदन तयार पार्न लगाउने ।

## ५. मूल्याङ्कन :

१. प्राथमिक शिक्षाका विभिन्न पक्षहरूबाट छोटो उत्तर आउने खालका प्रश्नहरू बनाई मूल्याङ्कन गर्ने ।

२. वस्तुगत प्रश्नहरू बनाई सहभागीहरूको उपलब्धी मूल्याङ्कन गर्ने ।

३. प्राथमिक शिक्षा विस्तार कार्यमा आउने समस्याहरू र त्यसको समाधानका उपायहरू बारे लेख लेख्न लगाई मूल्याङ्कन गर्ने ।

४. सहभागीले पेश गरेको प्राथमिक विद्यालयको भ्रमण प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने ।

५. कक्षामा सहभागीको कार्यकलापको पनि मूल्याङ्कन गर्ने ।

# एकाइ २ : नेपालमा प्राथमिक शिक्षाको उद्देश्य

**समय : ५ घण्टा**

**परिचय :**

शिक्षकले प्राथमिक शिक्षाबाट बालबालिकाहरूमा के कस्ता किसिमका कुराहरूको विकासको आशा राखिएको छ र के कुराको अपेक्षा गरिएको छ भन्ने कुरा थाहा पाउनु अति जरूरी हुन्छ । अत: यस एकाईको मुख्य उद्देश्य सहभागीहरूलाई विभिन्न समयमा प्राथमिक शिक्षाको उद्देश्य के कस्तो थियो र वर्तमान प्राथमिक शिक्षाको उद्देश्य के कस्तो रहेको छ भन्ने बारे जानकारी दिनु हो ।

**१. उद्देश्य :**

यस एकाइको प्रशिक्षण पछि सहभागीहरू निम्न लिखित कार्यहरू गर्न समर्थ हुनेछन्:

१. प्राथमिक कक्षामा अध्यापन गरिने विषयहरू, तिनीहरूलाई छुटचाइएको पाठचभार र अंक विभाजनहरू भन्न सक्नेछन् ।

२. सन् १९५४ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले दिएको प्राथमिक शिक्षाको उद्देश्य बताउन सक्नेछन् ।

३. राष्ट्रिय शिक्षा पद्धतिको योजना (सन् १९७१) मा दिएका प्राथमिक शिक्षाको उद्देश्य लेख्न सक्नेछन् ।

४. राष्ट्रिय शिक्षा आयोग (सन् १९९२) मा समावेश गरिएका प्राथमिक शिक्षाको उद्देश्य बताउन सक्नेछन् ।

५. विभिन्न समयमा दिइएका प्राथमिक शिक्षाका उद्देश्यहरू बारे तुलनात्मक अध्ययन गरी छलफल गर्न सक्नेछन् ।

६. पाठचक्रम र पाठचपुस्तकको निर्माण कसरी गरिन्छ भन्ने कुरा बताउन सक्नेछन् ।

**२. विषयवस्तु :**

१. प्राथमिक तहमा पढाईने विषयहरू, पाठचभार र अंक विभाजन ।

२. नेपाल राष्ट्रिय शिक्षा आयोग (१९५४) मा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य ।

३. राष्ट्रिय शिक्षा पद्धतिको योजना (१९७१) मा उल्लेख भएका प्राथमिक शिक्षाको उद्देश्य ।

४. राष्ट्रिय शिक्षा आयोग (१९९२) मा उल्लेख भएका प्राथमिक शिक्षाको उद्देश्य ।

५. प्राथमिक कक्षाको पाठचक्रम र पाठचपुस्तकको निर्धारण ।

**३. शिक्षण सामग्री :**

१. प्राथमिक शिक्षा पाठचक्रम २०४९ (खण्ड १ र २) ।

२. प्राथमिक शिक्षा पाठचक्रम २०४९ को विषय विस्तृतीकरण खण्ड १ र २ ।

३. नेपाल राष्ट्रिय शिक्षा योजना (१९५४) को प्राथमिक शिक्षाको उद्देश्य भएको चार्ट ।

४. राष्ट्रिय शिक्षा पद्धतिको योजना (१९७१) ले दिएको प्राथमिक शिक्षाको उद्देश्य लेखिएको चार्ट ।

५. राष्ट्रिय शिक्षा आयोग (१९९२) मा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य लेखिएको चार्ट ।

६. पाठचक्रम र पाठचपुस्तकको निर्माणको प्रक्रिया देखाउने चार्ट ।

४. क्रियाकलाप :

१. कक्षा १ देखि ५ सम्म पढाइने विषय, साप्ताहिक पाठचभार र अंक विभाजन गरिएको चार्ट प्रदर्शन गरी छलफल गराउने । नमूनाको लागि एउटा चार्ट तल दिइएको छ ।

<u>प्राथमिक तहमा पढाइने विषय, पाठचभार र अंक विभाजन</u>

| क्र.सं. | विषयहरू | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पा.भा. | पू. | पा.भा. | पू. | पा.भा. | पू. | पा.भा. | पू. | पा.भा. | पू. |
| १. | नेपाली भाषा | १० | १५० | १० | १५० | १० | १५० | ८ | १०० | ८ | १०० |
| २. | गणित | ८ | १५० | ८ | १५० | ८ | १५० | ६ | १०० | ६ | १०० |
| ३. | अंग्रेजी | - | - | - | - | - | - | ५ | १०० | ५ | १०० |
| ४. | शारिरीक शिक्षा | ४ | ५० | ४ | ५० | ४ | ५० | ३ | ३० | ३ | ५० |
| ५. | सिर्जनात्मक तथा अभिव्यक्तिशील कला | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ६. | सामाजिक तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत) | ६ | १०० | ६ | १०० | ६ | १०० | - | - | - | - |
| ७. | वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा | - | - | - | - | - | - | ६ | १०० | ६ | १०० |
| ८. | सामाजिक शिक्षा | - | - | - | - | - | - | ५ | १०० | ५ | १०० |
| ९. | इच्छाधिन (भाषा/अन्य) | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० |
| | जम्मा | ३४ | ६०० | ३४ | ६०० | ३४ | ६०० | ३९ | ७०० | ३९ | ७०० |

*(नोट: पा.भा. = पाठचभार, पू. = पूर्णाङ्क)*

२. नेपालमा प्राथमिक शिक्षाको लागि पाठ्यक्रम र पाठचपुस्तकको निर्माण गर्ने प्रक्रियाको चार्ट प्रस्तुत गरी छलफल गर्ने । नमूनाको लागि चार्ट तल दिइएको छ ।

<u>पाठ्यक्रम निर्धारण प्रक्रिया</u>

(क) विद्यार्थीको सिकाई आवश्यकताको पहिचान गर्नु

(ख) विशिष्ट उद्देश्यहरूको सूची तयार पार्नु

(ग) अभिभावक तथा शिक्षकहरूसँग छलफल गर्नु

(घ) पाठ्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गर्नु

(ङ) पाठ्यक्रमको मोटामोटी रूपमा रूपरेखा तयार पार्नु

(च) पाठचपुस्तकको आधारमा पाठ्य पुस्तक तयार पार्नु

(छ) संयोजक समितिमा पाठ्यक्रमलाई अन्तिम रूप दिनु

(ज) विषय समितिहरूमा छलफल गर्नु

३. नेपालमा प्रजातन्त्र आउनु भन्दा अघिको प्राथमिक शिक्षाको उद्देश्य प्रशिक्षकले छोटकरीमा बताइदिने र सन् १९५४ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगमा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य लिखित चार्ट प्रस्तुत गर्दै छलफल गर्ने ।

४. राष्ट्रिय शिक्षा पद्धतिको योजना (वि. सं. २०२८) मा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य लिखित चार्ट प्रस्तुत गर्ने र पहिलेको र अहिलेकोमा तुलना गरी छुट्याउन लगाउने ।

५. वर्तमान प्राथमिक शिक्षाको उद्देश्य अङ्कित चार्ट प्रस्तुत गरी विस्तृत छलफल गर्ने ।

६. शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्ति गर्न प्राथमिक शिक्षाको उद्देश्यले कतिसम्म सहयोग पुऱ्याएको छ, छलफल गर्ने ।

## ५. मूल्याङ्कन :

१. सहभागीहरूलाई प्राथमिक कक्षामा पढाइने विषयहरू, पाठभार र अङ्क विभाजनको तालिका बनाउन लगाई मूल्याङ्कन गर्ने ।

२. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, राष्ट्रिय शिक्षा पद्धतिको योजना र वर्तमान प्राथमिक शिक्षाको उद्देश्यहरूको तालिका तयार पार्न लगाई मूल्याङ्कन गर्ने ।

३. सहभागीहरूलाई नेपालमा पाठ्यक्रम तथा पाठ्यपुस्तक कसरी तयार पारिन्छ, चार्ट बनाउन लगाउने ।

# एकाइ ३ : नेपालमा प्राथमिक शिक्षाको विकास

समय: १० घण्टा

**परिचय :**

यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई नेपालमा प्राथमिक शिक्षाको विकास र विस्तार कुन रूपबाट भएको छ भन्नेबारे ज्ञान दिनु हो । नेपालको प्राथमिक शिक्षाको इतिहास प्राचीन सहयदेखि नै शुरू हुन्छ तापनि वर्तमान अवस्थाको प्रारम्भ सन् १९५४ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिश अनुसार भएको छ । सन् १९५४ भन्दा अगाडि सञ्चालित विभिन्न किसिमका प्राथमिक विद्यालयहरूमा एकरूपता ल्याउन यस आयोगले एकै किसिमको पाठ्यक्रम लागू गर्ने सिफारिश पनि गऱ्यो । यस प्रतिवेदन मार्फत प्राथमिक शिक्षाको उद्देश्य स्पष्ट, विशिष्ट र प्रलेख (Document) को रूपमा प्राप्त भयो । अत: नेपालमा प्राथमिक शिक्षाको विकास राष्ट्रिय दृष्टिकोणबाट सन् १९५४ पछि मात्र भएको हो भन्न सकिन्छ ।

**१. उद्देश्य :**

यस एकाइका अन्तमा सहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

१. नेपालमा प्रजातन्त्र आउनुभन्दा अगाडिको प्राथमिक शिक्षाको अवस्था बताउन ।
२. प्रजातन्त्रपछि प्राथमिक शिक्षा क्षेत्रमा भएको वृद्धि र विकासबारे उल्लेख गर्न ।
३. सन् १९५४ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले प्राथमिक शिक्षा सम्बन्धी गरेको कार्यहरू छोटकरीमा व्याख्या गर्न ।
४. सन् १९६१ मा गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति र सन् १९७१ मा लागू गरेको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले प्राथमिक शिक्षा विकास कार्यमा सिफारिश गरेका कुराहरू बताउन ।
५. सन् १९९२ मा गठित राष्ट्रिय शिक्षा आयोगले प्राथमिक शिक्षाबारे गरेको शिफारिसहरूको उल्लेख गर्न ।
६. विभिन्न समयमा भएको शिक्षाको संरचना (Structure) बारे भन्न ।
७. प्राथमिक कक्षामा जातीय र लिङ्गको आधारमा विद्यार्थी भर्नाको रूपरेखा बताउन ।
८. प्राथमिक विद्यालयका शिक्षकको योग्यता र नियुक्ति गर्ने प्रक्रियाबारे उल्लेख गर्न ।
९. प्राथमिक शिक्षाको लागि अर्थको बन्दोवस्त र यसको लागत बारे छलफल गर्न ।
१०. प्राथमिक शिक्षाको लागि आवश्यक अर्थको व्यवस्था कुन रूपबाट भएको छ, बताउन ।
११. श्री ५ को सरकारको नीति अनुसार प्राथमिक शिक्षाको लागि समुदायले व्यहोर्नु पर्ने आर्थिक भार बारे बताउन ।

**२. विषयवस्तु :**

१. प्रजातन्त्र आउनु भन्दा अगाडि प्राथमिक शिक्षाको अवस्था ।
२. प्रजातन्त्रपछि शिक्षा क्षेत्रमा भएको वृद्धि र विकास ।
३. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग र प्राथमिक शिक्षा ।
४. सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति र प्राथमिक शिक्षा ।
५. राष्ट्रिय शिक्षा पद्धतिको योजना र प्राथमिक शिक्षा ।
६. राष्ट्रिय शिक्षा आयोग (सन् १९९२) ।

७. शिक्षाको संरचना ।
८. विद्यार्थी भर्ना प्रगति ।
९. प्राथमिक शिक्षक ।
१०. प्राथमिक शिक्षाको लागि अर्थको व्यवस्था र लगानी ।
११. समुदायको आर्थिक भार ।

## ३. शिक्षण सामग्री :

१. प्रजातन्त्र आउनु भन्दा अगाडि विभिन्न किसिमको प्राथमिक स्कूलहरूको नाम लेखेको चार्ट । उदाहरणको लागि चार्ट तल दिइएको छ :

प्राथमिक स्कूलको किसिम:

१. भाषा पाठशाला
२. मदारसा (मुश्लिम) प्रणाली
३. गोम्पा (बुद्धिष्ट) प्रणाली
४. संस्कृत प्रणाली
५. आधार शिक्षा प्रणाली
६. अंग्रेजी शिक्षा प्रणाली

२. नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले सबै किसिमका प्राथमिक स्कूलमा लागू गर्न सिफारिश गरेको विषयहरूको चार्ट ।

३. नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले दिएको प्राथमिक शिक्षाको उद्देश्य लेखेको चार्ट ।

४. राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार प्राथमिक कक्षामा पढाइने विषयहरू र तिनीहरूलाई तोकेको भारको चार्ट,

| | | कक्षा १ - ३ | | कक्षा ४ - ५ | |
|---|---|---|---|---|---|
| क्र.सं. | विषय | भार | पूर्णाङ्क | भार | पूर्णाङ्क |
| १. | नेपाली भाषा | ४० % | ३०० | २०.५ % | १५० |
| २. | संस्कृत | - | - | ५.१ % | ५० |
| ३. | अंग्रेजी | - | - | १७ % | १०० |
| ४. | गणित | ३० % | २०० | १५.४ % | १०० |
| ५. | सा. अध्ययन | २० % | १०० | १५.४ % | १०० |
| ६. | शारीरिक शिक्षा | १० % | ५० | ५.१ % | ५० |
| ७. | विज्ञान र स्वास्थ्य | - | - | १०.३ + ५.१ % | ७०+३० |
| ८. | नैतिक शिक्षा | - | - | ५.१ % | ५० |
| | जम्मा | १०० % | ६५० | १०० % | ७०० |

५. राष्ट्रिय शिक्षा योजना आयोग (१९९२) ले सिफारिश गरेको विषयहरू र तिनीहरूलाई दिएको भार लेखेको चार्ट ।

६. विभिन्न समयमा शिक्षाको संरचना (Structure) मा भएको परिवर्तन दर्शाउने चार्ट ।

७. प्राथमिक विद्यालय संख्या र विद्यार्थी भर्ना संख्या देखाउने चार्ट ।

नमूनाको लागि एउटा चार्ट तल दिइएको छ ।

| वर्ष | १९५१ | १९६१ | १९७० | १९८० | १९८५ |
|---|---|---|---|---|---|
| स्कूल संख्या | ३२१ | ४,००१ | ७,२५६ | १०,१३० | ११,८६३ |
| विद्यार्थी संख्या | ८,५०५ | १,८२,५३५ | ४,४९,१४९ | १०,६७,९१२ | १८,१२,०९३ |

८. जातीय र लिङ्गको आधारमा विद्यार्थी भर्ना लेखेको चार्ट ।

## ४. क्रियाकलाप :

१. नेपालमा प्रजातन्त्रको प्रादुर्भाव हुनुभन्दा अगाडिको प्राथमिक शिक्षाको अवस्थाबारे छलफल गर्ने ।

२. प्रजातन्त्रपछि प्राथमिक शिक्षामा संख्यात्मक र गुणात्मक रूपमा भएको विकास झल्कने चार्ट सहभागीहरू समक्ष प्रस्तुत गरी छलफल गर्ने ।

३. सन् १९५४ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोग बारे संक्षिप्त रूपमा ज्ञान दिनुका साथै यस आयोगले प्राथमिक शिक्षा सम्बन्धी गरेको सिफारिशहरूको बारेमा विस्तृत रूपमा सहभागीहरूसँग छलफल गर्ने ।

४. सन् १९६१ मा गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिले प्राथमिक शिक्षामा गरेको परिवर्तनहरू उल्लेख गर्ने ।

५. राष्ट्रिय शिक्षा पद्धतिको योजना (१९७१-१९७६) मा प्राथमिक शिक्षालाई अझ प्रभावकारी बनाउन के कस्ता किसिमका परिवर्तनहरू ल्याइए, खासगरी प्राथमिक शिक्षाको उद्देश्य, रचना, विषयहरू आदिमा विभिन्न किसिमको चार्टहरू प्रदर्शन गर्दै छलफल गर्ने ।

६. हाल प्रचलित प्राथमिक शिक्षा प्रणाली सन् १९९२ मा गठित राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिश अनुसार भएको कुरा उल्लेख गर्ने ।

७. शुरूदेखि अहिलेसम्म प्राथमिक शिक्षाको कुन कुन क्षेत्रमा परिवर्तन भए सूची बनाउन लगाउने ।

८. जाती र लिङ्गको आधारमा बालबालिकाहरूको प्राथमिक कक्षामा भर्ना दर्शाउने चार्ट प्रस्तुत गर्दै छलफल गर्ने ।

९. प्राथमिक शिक्षकको योग्यता, तालीम, नियुक्ति प्रक्रिया बारे सहभागीहरूलाई उल्लेख गर्ने ।

१०. प्राथमिक विद्यालय सञ्चालनको लागि आवश्यक अर्थको व्यवस्था कसरी गरिएको छ छलफल गर्ने ।

११. श्री ५ को सरकारले प्राथमिक विद्यालयलाई अनुदान दिने नीतिसम्बन्धी छलफल गर्ने ।

१२. प्राथमिक विद्यालय सञ्चालन गर्ने समुदायले के कस्तो भूमिका खेल्न सक्दछ भन्ने बारे र सहयोग गर्न सक्ने पक्षहरू बारे छलफल गरी त्यसको सूची तयार पार्न लगाउने ।

१३. प्राथमिक शिक्षाका लागत (Cost) व्यहोर्ने निकाय (Agency) बारे छलफल गर्ने र लागत घटबढ हुने मुख्य मुख्य कारणहरू के के हुन् सक्दछन् लेख्न लगाउने ।

## ५. मूल्याङ्कन :

१. लिखित परीक्षा:

१.१. वस्तुगत प्रश्न ।

१.२. विषयगत प्रश्न ।

# एकाई ४ : प्राथमिक शिक्षाका समस्याहरू

समय : ७ घण्टा

**परिचय :**

प्राथमिक शिक्षकले श्री ५ को सरकारबाट निर्धारित प्राथमिक शिक्षाको उद्देश्य परिपूर्तिको लागि आउने विभिन्न किसिमका समस्याहरू बारे ज्ञान प्राप्त गर्नु अति आवश्यक हुन्छ। यसबाट आफू संलग्न भएका पेशामा रहेका समस्याहरूको प्रकृति र त्यसका समाधानका उपायहरू सोची आफ्ना साथीहरू र समुदायका व्यक्तिहरूसँग पनि छलफल गर्न सक्नेछन्। त्यसकारण यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई प्राथमिक शिक्षाको वृद्धि र विकासमा आइपर्ने समस्या र बाधाहरूको बारेमा ज्ञान दिनु हो।

**१. उद्देश्य :**

यस एकाइको प्रशिक्षण पछि सहभागीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

१. प्राथमिक शिक्षाको विकासमा आइपर्ने बाधाहरूको सूची तयार पार्न सक्नेछन्।
२. समस्याहरूलाई आन्तरिक र बाह्य गरी २ भागमा विभाजन गर्न सक्नेछन्।
३. आन्तरिक अन्तर्गत आउने समस्याहरूको सूची तयार पार्न सक्नेछन्।
४. बाह्य अन्तर्गत पर्ने समस्याहरू कुन कुन हुन् भन्न सक्नेछन्।

**२. विषयवस्तु :**

१. आन्तरिक समस्या
 - १.१. भौतिक सुविधा
 - १.२. शिक्षकको समस्या अथवा कार्यहरू
 - १.३. शिक्षामा विभेद (विद्यालय जाने सुविधा भएर पनि विद्यालय नजाने बालबालिकाहरू, जस्तै केटीहरू र सुविधाविहीन बालबच्चाहरू)
 - १.४. उपयुक्त शैक्षिक सामग्रीको अभाव
 - १.५. सुपरीवेक्षण कमी

२. बाह्य समस्या :
 - २.१. प्राथमिक शिक्षा पूरा गरी अरू पढ्न नचाहने विद्यार्थीहरूलाई प्राथमिक शिक्षाको अनुरूपता (Relevancy)
 - २.२. Dropouts (पढ्दा पढ्दै बीचमा छाड्ने)
 - २.३. अभिभावकहरूमा शिक्षा प्रति अभिरूची नहुनु।
 - २.४. समाधानका उपायहरू प्रभावकारी नहुनु।
 - २.५. सामाजिक संस्कृति (रितिस्थिति)

## ३. शिक्षण सामग्री :

१. प्राथमिक शिक्षाको विकासमा आइपर्ने वाधाहरूको सूची ।

२. आन्तरिक समस्या अन्तर्गत आउन सक्ने वाधाहरूको सूची ।

३. बाह्य समस्या अन्तर्गत आउने समस्याहरूको सूची

## ४. क्रियाकलाप :

१. सहभागीहरूलाई प्राथमिक शिक्षाको विकासमा आउने समस्याहरू पहिल्याउन लगाउने ।

२. आन्तरिक समस्या अन्तर्गत पर्न सक्ने वाधाहरू लेख्न लगाई त्यसमा छलफल गर्ने ।

३. बाह्य समस्या अन्तर्गत आउने वाधाहरू बारे सहभागीहरूलाई भन्न लगाई त्यसको सूची तयार गर्न लगाउने ।

४. प्रत्येक सहभागीहरूलाई आफ्नो समुदायमा प्राथमिक स्कूल सञ्चालन गर्न के कस्ता किसिमका कठिनाइहरू आउन सक्दछन् लेख्न लगाउने ।

५. समस्या समाधानका लागि छलफलको आयोजना गर्ने ।

६. सम्भव भएमा स्थानीय व्यक्तिहरूसँग सम्पर्क गरी प्राथमिक शिक्षाको समस्या र समाधान बारे छलफल गर्ने ।

७. स्थानीय नजिकका प्राथमिक विद्यालयमा गई त्यहाँको शिक्षकहरूसँग पनि प्राथमिक शिक्षाको समस्या समाधानका उपायहरू बारे छलफल गर्ने ।

८. आ-आफ्ना विद्यालयमा भएका आन्तरिक समस्याहरू भन्न लगाउने । त्यसको सार शिक्षकले बताइदिने ।

## ५. मूल्याङ्कन :

१. "प्राथमिक शिक्षाको वृद्धि र विकासमा आउन सक्ने बाधा र समस्या तथा समाधानका उपायहरू" शीर्षकमा सहभागीहरूलाई सूची बनाउन लगाई त्यसको आधारमा मूल्याङ्कन गर्ने ।

२. लिखित परीक्षा (छोटो उत्तरात्मक प्रश्नहरू दिने)

प्रश्नको नमूना तल दिए अनुसार हुन सक्दछ:

२.१. तपाईंले आफ्नो समुदायमा प्राथमिक स्कूल स्थापना गर्न चाहेमा के कस्ता किसिमका समस्याहरू आउन सक्छन् ?

(क)

(ख)

(ग)

(घ)

(ङ)

२.२. आएका समस्याहरूलाई समाधान गर्न कस्तो किसिमको कदम चाल्नु हुन्छ ?

(क)

(ख)

(ग)

(घ)

(ङ)

# एकाइ ५ : प्राथमिक शिक्षा विकासको लागि गरिएका प्रयासहरू

समय : ५ घण्टा

**परिचय :**

श्री ५ को सरकार र अरू गैह्र सरकारी संघ संस्थाहरूले पनि नेपालमा प्राथमिक शिक्षाको वृद्धि र विकासको लागि विभिन्न किसिमकका प्रयासहरू गरेका छन् । यी प्रयासहरूको बावजुद पनि सन् २००० सम्ममा विद्यालय जाने उमेरका देशका सम्पूर्ण बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने संकल्प पूरा गर्नमा कठिन परिश्रम गर्नु आवश्यक छ । यस एकाइमा सहभागीहरूलाई प्राथमिक शिक्षा विकासको लागि गरिएका प्रयासहरूबारे ज्ञान दिनुका साथै उक्त प्रयासमा आफूले के कस्तो किसिमको योगदान दिन सकिन्छ भन्ने बारे पनि ज्ञान दिने प्रयास गरिएको छ ।

१. **उद्देश्य :**

यस एकाईको प्रशिक्षणपछि सहभागीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् :

१. प्राथमिक शिक्षालाई नि:शुल्क कहिलेदेखि र किन गरिएको हो बताउन ।
२. पाठ्यपुस्तकहरू नि:शुल्क वितरण गर्नाले प्राथमिक शिक्षाको विकासमा हुने फाइदाहरूको उल्लेख गर्न ।
३. प्राथमिक विद्यालयमा महिला शिक्षक नियुक्त गर्नाले यसको वृद्धि र विकासमा के कस्तो असर पर्दछ व्याख्या गर्ने ।
४. प्राथमिक विद्यालयको स्थापना र सञ्चालनमा निजी क्षेत्रको भूमिका बताउन ।
५. आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) र प्राथमिक शिक्षा विकास परियोजना (PEDP) का उद्देश्यहरू एवं कार्यक्रम बताउन ।
६. प्राथमिक शिक्षाको विकासको लागि सञ्चालन गरिएको विभिन्न परियोजनाहरू, जस्तै: सेती परियोजना, महिलालाई शिक्षामा समान अवसर उपलब्ध गराउने परियोजना (Equal Access for Girls and Women to Education Project), रेडियोद्वारा प्राथमिक शिक्षकलाई दिइने तालीमबारे छोटकरीमा बताउन ।
७. छात्राहरूलाई प्रदान गरिएको विशेष छात्रवृत्ति तथा सहुलियत बारे उल्लेख गर्न ।

२. **विषयवस्तु :**

१. नि:शुल्क पाठ्यपुस्तक वितरण ।
२. विद्यालयमा महिला शिक्षकको नियुक्ति ।
३. शिक्षक तालीम ।
४. प्राथमिक शिक्षा विकासको लागि सञ्चालित विभिन्न परियोजनाहरू :
    ४.१. सेती परियोजना
    ४.२. आधारभूत तथा प्राथमिक शिक्षा परियोजना
    ४.३. प्राथमिक शिक्षा विकास परियोजना
    ४.४. महिला शिक्षा परियोजना

५. प्राथमिक शिक्षामा निजी क्षेत्रको भूमिका
६. प्राथमिक शिक्षामा जनसहभागिता

## ३. शिक्षण विधि :

साधारण कक्षा सञ्चालन गर्न प्राथमिक शिक्षाका प्रयासहरू सम्बन्धी पाठ-पत्रहरू ।

## ४. क्रियाकलाप :

१. श्री ५ को सरकारले प्राथमिक शिक्षालाई विस्तार गर्न के कस्ता किसिमका पाइलाहरू चालेका छन् उल्लेख गर्ने ।
२. समुदायमा स्थानीय तहबाट प्राथमिक शिक्षाको विकास तथा विस्तारका लागि के के गर्न सकिन्छ कक्षामा सुधारहरू संकलन गरी छलफल गर्ने ।
३. आधारभूत तथा प्राथमिक शिक्षा परियोजनना (BPEP) बाट के कस्ता किसिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन विशिष्ट तथा विस्तृत रूपले छलफल गर्ने ।
४. प्राथमिक शिक्षा विकास परियोजना (PEDP) बाट सञ्चालित कार्यक्रमहरूबारे छलफल गर्ने ।
५. नेपालको नक्सा प्रदर्शन गरेर महिला शिक्षक तालीम कुन कुन ठाउँमा सञ्चालन भएका थिए र विशेष रूपले यो कार्यक्रम सञ्चालन गर्नुपर्ने कारण र महत्वको व्याख्या गर्ने । अहिले के कस्तो कार्यक्रम सञ्चालित छ व्याख्या गर्ने ।
६. निजीस्तरका विद्यालयहरूले प्राथमिक शिक्षालाई विस्तार र विकास गर्नमा के कस्तो किसिमको भूमिका खेलेका छन् छलफल गर्ने ।
७. सेती परियोजना र सघन पहाडी विकास परियोजना (Integrated Hill Development Project) ले प्राथमिक शिक्षा विस्तार कार्यमा पुऱ्याएको सहयोग बारे उल्लेख गर्ने ।
८. स्रोत केन्द्रमा संलग्न व्यक्तिहरूलाई निम्त्याई प्रवचन दिन लगाउने ।
९. प्राथमिक शिक्षालाई सर्वसुलभ गर्न थप प्रयासहरू के के गर्न सकिन्छ सूची बनाउन लगाउने ।
१०. हाल सञ्चालित कार्यक्रमहरूमा भएका दोषहरू पहिल्याउन लगाई त्यसलाई हटाउनको लागि गर्न सकिने कदमहरूको सूची तयार पार्न लगाउने ।
११. वर्तमान प्राथमिक शिक्षक तालीम व्यवस्थाबारे छलफल गर्ने ।

## ५. मूल्याङ्कन :

१. विषयगत र वस्तुगत प्रश्नहरूद्वारा मूल्याङ्कन गर्ने ।
२. सहभागीहरूले गरेका कार्यकलापहरूको आधारमा मूल्याङ्कन गर्ने ।

# एकाइ ६ : प्राथमिक शिक्षाको प्रशासन र व्यवस्थापन

समय : ८ घण्टा

**परिचय :**

यस एकाइमा सहभागीहरूलाई नेपालमा प्राथमिक शिक्षाको व्यवस्थापन र निरीक्षण कुन रूपबाट गरिएको छ सो बारे ज्ञान दिन खोजिएको छ । नेपालमा प्राथमिक शिक्षाको प्रशासन तथा नियन्त्रण विभिन्न समयमा विभिन्न किसिमबाट गरिन्थ्यो भने आज यसको सञ्चालन प्रशासन नियन्त्रणमा श्री ५ को सरकारका धेरै एकाइहरू, परियोजनाहरू र गैह्र सरकारी संस्थाहरू समेत संलग्न छन् । अत: यस एकाइको मुख्य उद्देश्य छात्र/छात्रा, शिक्षकहरूलाई प्राथमिक शिक्षाको प्रशासन र व्यवस्थापनमा संलग्न निकायहरूबारे ज्ञान दिनु हो ।

**१. उद्देश्य :**

यस एकाइको प्रशिक्षण पछि सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

१. क्षेत्रीय शिक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार उल्लेख गर्न ।
२. जिल्ला शिक्षा कार्यालयको प्राथमिक शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको वर्णन गर्न ।
३. प्राथमिक शिक्षाको क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयको काम, कर्तव्य र अधिकारको तुलना गर्न ।
४. विद्यालय व्यवस्थापन समितिको गठन कसरी हुन्छ बताउन ।
५. विद्यालय व्यवस्थापन समितिको महत्व, काम, कर्तव्य र अधिकारको उल्लेख गर्न ।
६. शिक्षक तथा विद्यार्थीको आचारसंहिता वर्णन गर्न ।
७. विद्यालय व्यवस्थापन समितिबाट हुने फाइदा र बेफाइदाको वयान गर्न ।
८. विद्यालय व्यवस्थापन समितिमा र विद्यालय प्रशासनमा प्रधानाध्यापकको भूमिका वर्णन गर्न ।
९. प्राथमिक विद्यालयका शिक्षकको छनौट र नियुक्ति प्रकृया बताउन ।

**२. विषयवस्तु :**

१. क्षेत्रीय शिक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार ।
२. जिल्ला शिक्षा कार्यालयको संगठन, काम, कर्तव्य र अधिकार ।
३. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार
४. शिक्षक र विद्यार्थीको आचार संहिता ।
५. शिक्षक छनौट समिति
६. प्र. अ. र विद्यालय व्यवस्थापन समितिको सम्वन्ध ।

**३. शिक्षण सामग्री :**

१. शिक्षा मन्त्रालयको प्रशासनिक संगठन चार्ट ।
२. प्राथमिक शिक्षाको प्रशासनिक संगठन चार्ट ।
३. विद्यालय व्यवस्थापक समिति र जिल्ला शिक्षा समितिको गठन प्रकृया देखाउने चार्ट ।

४. **क्रियाकलाप :**

१. श्री ५ को सरकार, शिक्षा मन्त्रालयको संगठन चार्ट प्रस्तुत गरेर उल्लेख गर्ने ।

२. प्राथमिक शिक्षाको मात्र अलग्गै प्रशासनिक संगठन चार्ट देखाएर त्यसबारे छलफल गर्ने ।

३. सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी प्राथमिक शिक्षाको सञ्चालन, प्रशासन र नियन्त्रणमा जिल्ला शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार बारे छलफल गर्न लगाई हरेक समूहबाट रिपोर्ट पेश गर्न लगाउने र उक्त रिपोर्टको आधारमा प्रशिक्षकले छलफल गर्ने । छलफलमा शिक्षा नियमावली, २०४९ लाई आधार मान्ने ।

४. प्रशिक्षकले आफ्नो नेतृत्वमा विद्यालय व्यवस्थापन समितिको फाइदा र वेफाइदा बारे वाद विवाद गर्न लगाउने ।

५. प्राथमिक शिक्षाको प्रशासन तथा नियन्त्रण कार्यमा गुणात्मक सुधार ल्याउन के कस्ता किसिमको कदमहरू चाल्न सकिन्छ समूहमा छलफल गराउने । प्राप्त सुझावहरूको सूची बनाउन लगाउने ।

६. विद्यालय व्यवस्थापन समितिले आफ्नो समुदायमा रहेको प्राथमिक विद्यालयहरूको शिक्षण सिकाइ कार्यक्रममा सुधार ल्याउन के कस्ता किसिमको कार्यहरू गर्न सक्दछ त्यसको सूची तयार पार्न लगाउने ।

७. प्राथमिक शिक्षाको व्यवस्थापन र निरीक्षणका समस्याहरू पहिल्याई तिनीहरूको सूची बनाउन लगाउने र ती समस्याहरू समाधान गर्न के कस्ता किसिमको पाइलाहरू चाल्न सकिन्छ छलफल गर्ने ।

८. विद्यालय प्रशासनमा प्रधानाध्यापकको भूमिका बारे बताइदिने र विद्यालय व्यवस्थापन समितिमा उसले खेल्नु पर्ने भूमिकाको पनि उल्लेख गर्ने ।

९. विद्यालय राम्ररी सञ्चालन गर्न शिक्षक र विद्यार्थीले कस्तो भूमिका खेल्नु पर्दछ कक्षामा छलफल गर्ने । यसै छलफलको क्रममा शिक्षक तथा विद्यार्थीको आचार संहिताको पनि व्याख्या गर्ने ।

१०. जिल्ला शिक्षा समिति र स्थानीय तहको विद्यालय व्यवस्थापन समितिको बनावट, काम, कर्तव्य र अधिकारहरूमा फरक देखाउन लगाउने ।

११. विद्यालयको शिक्षण सिकाइ वातावरण प्रभावकारी र विशुद्ध शिक्षणमुखी बनाउन प्रशासनको महत्वबारे छलफल गराउने ।

१२. आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले लागू गरेको विद्यालय समूहको संगठनात्मक संरचना (Organizational Structure of the School Cluster) को ज्ञान दिन सहभागीहरूलाई त्यस सम्बन्धी चार्ट तयार पार्न लगाई छलफल गर्ने । विद्यालय समूह संगठनको मुख्य मुख्य कार्यहरू के के छन् उल्लेख गर्ने । नमूनाको लागि विद्यालय समूह संगठनात्मक संरचनाको चार्ट तल दिइएको छ:



G324




१३. क्षेत्रीय शिक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार छोटकरीमा व्याख्या गर्ने ।

५. मूल्याङ्कन :

१. लिखित परीक्षा ।

२. प्राथमिक शिक्षाको प्रशासनिक स्वरूपको चार्टहरू बनाउन लगाई त्यसको आधारमा मूल्याङ्कन गर्ने ।

३. विद्यालय प्रशासनमा आउन सक्ने साधारण खालका समस्याहरू सहभागीहरू समक्ष राखेर त्यसको समधानका उपायहरू लेख्न लगाउने ।

४. लिखित परीक्षाको प्रश्नहरू लघु उत्तरात्मक होस् र प्रश्नहरू खास गरी जिल्ला र स्थानीय तहको प्रशासनसँग सम्बन्धित होस् ।

# एकाइ ७ : नेपालमा प्राथमिक शिक्षक तालीमको विकास

समय : ५ घण्टा

**परिचय :**

शिक्षाको साँचो नै शिक्षक हो । शिक्षण सिकाइ कार्यमा सबभन्दा महत्वपर्ण भूमिका शिक्षकको नै हुन्छ । यदि शिक्षकले आफूले पढाउने बालबालिकाहरूलाई राम्ररी बुझ्न सकेन भने उसको अध्यापन प्रभावकारी हुँदैन । एक शिक्षकले के पढाउने, कसरी पढाउने आदि कुराको ज्ञान राख्नु पर्दछ । शिक्षक तालीमको मुख्य उद्देश्य नै यी कुराहरूको ज्ञान दिनु हो । नेपालमा पनि प्राथमिक शिक्षकलाई तालीम दिने काम वि. सं. २००४ साल देखि नै शुरू भए तापनि आधुनिक रूपमा प्राथमिक शिक्षक तालीमको थालनी वि. सं. २०१४ सालमा कलेज अफ एजुकेशनको स्थापना पछि भएको हो । अत: यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई नेपालमा प्राथमिक शिक्षक तालीमको वृद्धि र विकासबारे ज्ञान दिनु हो ।

## १. उद्देश्य :

यस एकाइपछि सहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन्:

१. शिक्षणमा गुणात्मक विकास ल्याउन शिक्षक तालीमको महत्व बताउन ।
२. विभिन्न समयमा सञ्चालित प्राथमिक शिक्षक तालीमको स्वरूप बताउन ।
३. शिक्षक तालीम कार्यमा शिक्षा शास्त्र संकायको भूमिका र देन वर्णन गर्न ।
४. सेवाकालीन र पूर्वसेवाकालीन शिक्षक तालीममा फरक देखाउन ।
५. बर्तमान शिक्षक तालीममा समावेश गरिएका विषयहरूको नाम र अध्यापनको उद्देश्य बताउन ।
६. प्राथमिक शिक्षक शिक्षाको वर्तमान अवस्था वर्णन गर्ने ।
७. प्राथमिक शिक्षक तालीम कार्यमा शैक्षिक जनशक्ति विकास केन्द्रको महत्व र भूमिका बताउन ।
८. प्राथमिक शिक्षक बन्न आवश्यक योग्यता बताउन ।
९. तालीम व्यवस्थापन तथा समन्वय समितिको गठन, काम, कर्तव्य र अधिकारको उल्लेख गर्ने ।

## २. विषयवस्तु :

१. प्राथमिक शिक्षक प्रशिक्षणको उद्देश्य र महत्व ।
२. समय समयमा प्राथमिक शिक्षक तालीममा गरिएका परिवर्तनहरू ।
३. शिक्षा शास्त्र संकायको भूमिका ।
४ सेवाकालीन र पूर्वसेवाकालीन तालीम ।
५. वर्तमान प्राथमिक शिक्षक तालीम ।
६. शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) ।
७. प्राथमिक शिक्षकको शैक्षिक योग्यता ।
८. तालीम व्यवस्थापन तथा समन्वय समिति ।

३. **शिक्षण समग्री :**

१. शिक्षा मन्त्रालयले विभिन्न समयमा सञ्चालन गरेको प्राथमिक शिक्षक तालीमको किसिम देखाउने चार्ट । नमूनाको लागी एउटा चार्ट तल दिइएको छ ।

१.१. सेती परियोजनाबाट वि. सं. २०३९ सालमा शुरू गरिएको २१ दिने प्राथमिक शिक्षक तालीम ।

१.२. प्राथमिक शिक्षा परियोजनाबाट वि. सं. २०४२ सालमा शुरू गरिएको १२ दिने कार्यक्रम तीन पल्ट गरी १५० घण्टा बराबरको कार्यक्रम ।

१.३. शिक्षा मन्त्रालयबाट शुरू गरिएको १५० घण्टे आधारभूत तालीम कार्यक्रम ।

१.४. आ. प्रा. शि. प. बाट संचालित १५० र १८० घण्टे तालिम कार्यक्रम ।

१.५. रेडियो शिक्षाको व्यवस्था अन्तर्गत रेडियो शिक्षा शिक्षक कार्यक्रम ।

१.६. NCED बाट सञ्चालित १० महिने तालीम कार्यक्रम ।

२. तालीम व्यवस्थापन तथा समन्वय समितिको गठन कुन प्रकारबाट हुन्छ देखाउने चार्ट ।

३. शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) बाट सञ्चालन गरिने १० महिने प्राथमिक शिक्षक तालीम केन्द्रहरूको ठाउँको नाम ।

४. तालीम केन्द्रमा अध्यापन गरिने विषयहरूको सूची ।

५. शिक्षा शास्त्र संकायले सञ्चालन गरेको प्राथमिक शिक्षक तालीमको नाम :

५.१. नर्मल स्कूल : १० महिने

५.२. सेवाकालीन/पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालीम : १० महिने

५.३. महिला शिक्षक प्रशिक्षण कार्यक्रम

४. **क्रियाकलाप :**

१. शिक्षक तालीमको उद्देश्य, आवश्यकता र महत्वमा छलफल गर्ने ।

२. प्राथमिक शिक्षक तालीमले विभिन्न समयमा लिएको मोडबारे उल्लेख गर्ने ।

३. नेपालमा प्राथमिक शिक्षक तालीमको शुरूवात कसरी भयो र यस कार्यमा शिक्षा शास्त्र संकायले खेलेको भूमिका चर्चा गर्ने ।

४. सेवाकालीन र पूर्वसेवाकालीन तालीमको धारणा स्पष्ट पारी पछि सहभागीहरूलाई यी दुइ किसिमको शिक्षक तालिममा फरक देखाउन लगाउने ।

५. हाल चालु प्राथमिक शिक्षक तालीममा समावेश गरिएका विषयहरूको सूची लेखाउन लगाउन र तिनको उद्देश्यहरू बारे छलफल गर्ने ।

६. प्राथमिक शिक्षक तालीम केन्द्रहरू कसरी सञ्चालन गरिन्छ चार्ट प्रस्तुत गरी छलफल गर्ने । चार्टको नमूना यस प्रकारको हुन्छ :

श्री ५ को सरकार

## शिक्षा मन्त्रालय

# शैक्षिक जनशक्ति विकास केन्द्र




७. प्राथमिक शिक्षक तालीम कार्यक्रम शिक्षा शास्त्र संकायबाट अलग्गिनुको कारण छलफल गर्ने ।

८. प्राथमिक शिक्षकमा हुनु पर्ने आवश्यक गुण / सीपबारे चर्चा गर्ने ।

९. केन्द्रीय तहमा तालीम व्यवस्थापन तथा समन्वय समिति कसरी गठन गरिन्छ त्यसबारेको चार्ट प्रस्तुत गरी छलफल गर्नुका साथै उक्त समितिको काम, कर्तव्य र अधिकार बारे पनि छोटकरीमा चर्चा गर्ने ।

१०. प्राथमिक शिक्षक तालीमलाई अझ बढी प्रभावकारी बनाउन सहभागीहरूबाट सुझाव संकलन गरी छलफल गर्ने ।

११. हरेक १५ दिनमा तालीममा पाएका नयाँ अनुभवहरू व्यक्त गर्न लगाउने ।

**५. मूल्याङ्कन :**

१. लिखित परीक्षा:

१.२. वस्तुगत प्रश्न

१.२. विषयगत प्रश्न

२. प्राथमिक शिक्षाको विकासमा शिक्षक तालीमको महत्व बारे लेख्न लगाई मूल्याङ्कन गर्ने ।

३. समय समयमा तालीम सम्बन्धी प्रवचन कार्यक्रमको आयोजना गरी सहभागीहरूलाई बोल्न लगाई मूल्याङ्कन गर्ने ।

# एकाइ ८ : समुदाय विकासको अर्थ र महत्व

समय : ५ घण्टा

**परिचय :**

नेपाल गाउँ नै गाउँले भरिएको देश हो । देशको ९० % भन्दा बढी जनसंख्या ग्रामीण क्षेत्रमा नै बस्दछन् । ग्रामीण समुदायको विकास हुनु नै देशको विकास हुनु हो । देश विकास तथा निर्माणको निम्ति शिक्षाको अति नै महत्वपूर्ण भूमिका रहन्छ । शिक्षालाई जनमुखी र विकासका अनुरूप बनाउने हाम्रा शिक्षा प्रणाली ग्रामीण समाजको परिप्रेक्ष्यमा हुर्कनु पर्नेछ । हाम्रो देशको धेरैजसो गाउँहरूमा केही जान्ने बुझ्ने व्यक्तिको रूपमा प्राथमिक शिक्षक नै हुन्छ । ग्रामीण समुदायलाई विकासको धारणा दिई उनीहरूको अभिवृद्धिमा परिवर्तन ल्याउने कार्यमा एक प्राथमिक शिक्षकले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । अत: यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई समुदाय विकास सम्बन्धी साधारण ज्ञान दिनु हो ।

१. **उद्देश्य :**

यस एकाइको प्रशिक्षण पछि सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन्:

१. समुदाय विकासको अर्थ निम्नलिखित पक्षहरूबाट व्यक्त गर्न:
   - १.१. विकास कार्यक्रमको फाइदा अथवा प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउन
   - १.२. विकास कार्यमा ग्रामीण समुदायलाई संलग्न गराउन,
   - १.३. श्री ५ को सरकार अथवा अरू कुनै गैह्र सरकारी संघ संस्थाहरूबाट सञ्चालित समुदाय विकासका कार्यक्रमहरूको महत्व बुझी त्यसबाट फाइदा लिन ।
   - १.४. समुदायको विकास भन्नु नै आफ्नो व्यक्तिगत विकास पनि हो भन्ने भावना जागृत गराउन ।

२. देशका बहुसंख्यक जनता ग्रामीण क्षेमा नै बस्दछन् र ग्रामीण समुदायको विकास भन्नु नै सिंगो राष्ट्रको विकास हो भन्ने भावनालाई हृदयङ्गम गरी व्यक्त गर्न ।

३. विकास कार्यक्रमको आधार नै ग्रामीण समुदाय हुनुपर्दछ भन्ने भावनालाई बुझी सोही अनुरूप कार्य गर्न ।

४. समुदायका मानिसहरूलाई स्थानीय विकास कार्यमा संलग्न गराउन ।

५. ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँ सर्नाले हुने बेफाइदाहरूको वर्णन गर्न ।

६. समुदायमा नै विभिन्न किसिमको स-साना कार्यक्रमहरू सञ्चालन गर्न ।

७. विकास प्रति समुदायलाई अभिमुख गर्न समय समयमा छलफल, सभा, वादविवाद आदि जस्ता कार्यक्रमहरू सञ्चालन गर्न ।

८. शिक्षाले समुदायको विकासमा कसरी योगदान पुऱ्याउँछ बताउन ।

२. **विषयवस्तु :**

१. समुदाय विकासको अर्थ ।

२. समुदाय विकासको महत्व ।

३. विकासको आधार नै ग्रामीण जनता ।

४. बहुसंख्यक जनताको बसोबासस्थल गाउँ ।
५. प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ग्रामीण समाजमा विकासको असर पार्न सञ्चालित कार्यक्रमहरूको परिचय
६. ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाईं सर्नाले हुने बेफाइदाहरू ।
७. विकास कार्यलाई अगाडि बढाउन शिक्षाको महत्व ।
८. राष्ट्रिय विकास कार्यक्रमको मुख्य धारा (Mainstream) मा समुदायलाई ल्याउन ।

३. **शिक्षण सामग्री :**
१. समुदाय विकासको लागि कार्यरत विभिन्न संघ संस्थाहरूको सूची,
२. नेपालको नक्सा
३. समुदायको नक्सा

४. **क्रियाकलाप :**
१. समुदाय विकासको अर्थ उल्लेख गर्ने ।
२. समुदाय विकासको कार्यमा संलग्न विभिन्न सरकारी तथा गैह सरकारी निकाय तथा संघ संस्थाहरूको सूची प्रस्तुत गरी ती संस्थाहरूको उद्देश्यबारे छलफल गर्ने ।
३. समुदायमा सञ्चालन भइरहेको विकास कार्य बारे छलफलको आयोजना गर्ने ।
४. समुदायमा स-साना खालका आफैले सञ्चालन गर्न सकिने कार्यक्रमहरूको आयोजना गर्ने ।
५. शिक्षकले आफ्नो नेतृत्वमा स-साना विकास कार्यहरू समुदायमा सञ्चालन गर्ने ।
६. सहभागीहरूलाई समूहमा विभाजन गरी आ-आफ्नो समुदायमा के कस्ता किसिमका विकास कार्यहरू सञ्चालन गर्न सकिन्छ, योजना बनाउन लगाउने ।
७. समुदायको विकासमा शिक्षाको महत्वबारे प्रवचन कार्यक्रमको आयोजना गरी सहभागीहरूलाई बोल्न लगाउने ।
८. समुदायका समस्याहरू पहिल्याउन लगाइ त्यसको समाधानको उपायहरू सोच्न लगाउने ।

५. **मूल्याङ्कन :**
१. लिखित परीक्षा :
१.१. लघु उत्तरात्मक प्रश्नहरू,
१.२. वस्तुगत प्रश्नहरू
२. सहभागीहरूलाई समुह विभाजन गरी हरेक समूहलाई समुदाय विकास सम्बन्धी एक एक वटा योजना बनाउन लगाउने र त्यसै आधारमा मूल्याङ्कन गर्ने ।
३. कक्षा कार्यकलाप ।

# एकाइ ९ : ग्रामीण जीवनका विशेषताहरू

समय : ७ घण्टा

**परिचय :**

यस एकाइमा ग्रामीण समुदायको विभिन्न पक्षहरूबारे सामान्य जानकारी दिन खोजिएको छ । ग्रामीण समुदायको विशेषतालाई सामान्यतया तीन भागमा विभाजन गर्न सकिन्छ : (क) आर्थिक विशेषता (ख) सामाजिक विशेषता र (ग) शैक्षिक विशेषता । हुन त अरू पनि कैयौं विशेषताहरू छन् तापनि आर्थिक, सामाजिक र शैक्षिक पक्षलाई विशेष जोड दिइएको छ । हरेक समुदायको आ-आफ्नै किसिमको प्रकृति तथा विशेषताहरू हुन्छन् तर यस एकाइमा उल्लेखित विशेषताहरू नेपालको सबैजसो ग्रामीण समुदायमा पाइन्छ । अतः यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई नेपालको ग्रामीण समुदायको सामान्य विशेषताहरूबारे ज्ञान दिनु पनि हो ।

**१. उद्देश्य :**

यस एकाइको प्रशिक्षण पछि सहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

१. नेपालको ग्रामीण समुदायको एउटा मुख्य विशेषता गरीबी हो भन्ने कुरा बताउन ।
२. समुदाय विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रमा आधुनिक वैज्ञानिक विधि प्रयोग गर्नुको सट्टा परम्परागत विधिको नै बाहुल्यता रहेको कुरा बताउन ।
३. बेकारी तथा स्थानीय स्रोतहरूको उचित प्रयोग गर्न नसक्नु ग्रामीण समुदायको अर्को विशेषता हो भनी बताउन ।
४. ग्रामीण समुदाय परम्परागत समाजमा आधारित भएको कुरा विश्लेषण गर्न ।
५. कार्य भन्दा बढी समय भाग्यमा विश्वास राख्ने कुरा बुझ्न ।
६. जातभातको प्रथामा विश्वास राख्ने कुरा बताउन ।
७. महिला प्रति असामान्य व्यवहारको चलन भएको कुरालाई उल्लेख गर्न ।
८. ग्रामीण समुदायमा बहुसंख्यक जनता निरक्षर भएको बताउन ।
९. ग्रामीण क्षेत्रमा स्थित विद्यालयहरूको समस्या बताउन ।

**२. विषयवस्तु :**

१. ग्रामीण समुदायको विशेषता अन्तर्गत आउने मुख्य मुख्य विशेषताहरू:
   - १.१. आर्थिक विशेषता
   - १.२. सामाजिक विशेषता
   - १.३. शैक्षिक विशेषता

२. आर्थिक विशेषता अन्तर्गतका मुख्य मुख्य विशेपताहरू :
   - २.१. गरीबी
   - २.२. बेकारी
   - २.३. कृषिमा वैज्ञानिक विधिको प्रयोगको अभाव
   - २.४. स्थानीय स्रोतको कम परिचालन

३. सामाजिक विशेपता अन्तर्गतका मुख्य मुख्य विशेपताहरू :
   - ३.१. परम्परागत रूढिवादी समाज

३.२. भाग्यमा ज्यादा विश्वास

३.३. महिलाहरूप्रति असामान्य व्यवहार

४. शैक्षिक विशेषता अन्तर्गतका विशेषताहरू :

४.१. शिक्षामा कम रूचि

४.२. विद्यालयका समस्या

४.३. कम शैक्षिक जागरण

३. **शिक्षण समाग्री :**

१. ग्रामीण समुदायको आर्थिक विशेषता अन्तरगत आउन सक्ने विशेषताहरूको प्रमुख बुँदा लेखेको चार्ट ।

२. सामाजिक विशेषता अन्तर्गत पर्ने विशेषताहरू लेखेको चार्ट ।

३. शैक्षिक अवस्था झल्काउने चार्ट ।

४. **क्रियाकलाप :**

१. समुदायको आर्थिक पक्ष भन्नाले के बुझिन्छ प्रशिक्षकले व्याख्या गर्ने ।

२. ग्रामीण समुदायको आर्थिक विशेषताहरू के के हुन् (छोटकरी रूपमा) छलफल गर्ने ।

३. प्रशिक्षकले सहभागीहरूसित प्रश्न गर्दै आर्थिक विशेषता अन्तर्गत पर्ने कुराहरूको सुची लेख्दै जाने र छलफल गर्ने ।

४. ग्रामीण समुदायको आर्थिक विशेषता लेखेको चार्ट कक्षामा प्रस्तुत गरी छलफल गर्ने ।

५. सम्भव भएमा समुदायका मानिसहरूले अपनाएका विभिन्न पेशाको पनि सूची बनाउन लगाउने ।

६. आर्थिक पक्ष जस्तै सामाजिक पक्षको पनि विशेषताहरू लेखेको चार्ट कक्षामा प्रस्तुत गर्दै छलफल गर्ने । प्रशिक्षकले तयार पारेको चार्टमा सहभागीहरूबाट थप्न चाहेको विशेषताहरू पनि थप्दै जाने ।

७. सहभागीहरूलाई ग्रामीण समुदायको सामाजिक विशेषताहरूको सूची लेख्न लगाउने र त्यसबाट मुख्य मुख्य र सबैजसो समुदायमा रहेको विशेषताहरूबारे कक्षामा छलफल गर्ने ।

८. समुदायमा रहेका राम्रा र नराम्रा पक्षहरू छुट्याउन लगाउने ।

९. नराम्रा पक्षहरूको प्रचलन समाजबाट हटाउन के कस्ता किसिमका कार्यकलापहरू गर्न सकिन्छ छलफल गर्ने ।

१०. समुदायमा स्थित विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्थाको सर्भेक्षण गरी त्यसबारे कक्षामा छलफल गर्ने ।

११. समुदायमा मानिसलाई शिक्षा प्रति अभिरूचि जगाउन विभिन्न किसिमको कार्यक्रमहरूबारे छलफल गर्ने ।

१२. समुदायमा सञ्चालन भैरहेको विद्यालयहरूको वस्तुस्थिति समुदाय सामु राखेर सुधारको लागि छलफल गर्ने ।

५. **मूल्याङ्कन :**

१. लिखित परीक्षा  २. कक्षा कार्यकलाप

३. प्रोजेक्ट कार्य  ४. वादविवाद

# एकाइ १० : समुदाय विकास पक्षहरू

समय : १० घण्टा

**परिचय :**

एकाइ ९ मा उल्लेखित नेपालको ग्रामीण समुदायका मुख्य मुख्य तथा साधारण विशेषताहरूलाई हृदयङ्गम गरी आफूले कुन कुन पक्षमा विकास गर्न सकिन्छ त्यसबारे मोटामोटी जानकारी दिनु यस एकाईको मुख्य उद्देश्य हो । यस एकाइमा खास गरेर समुदायको आर्थिक, सामाजिक र शैक्षिक पक्षलाई मात्र साधारण रूपमा उल्लेख गरिएको छ ।

**१. उद्देश्य :**

**यो एकाईको प्रशिक्षण पछि सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :**

**१. ग्रामीण समुदायमा रहेको विशेषताहरूको आधारमा विकासका पक्षहरू पहिल्याउन ।**
**२. आर्थिक विकास अन्तर्गतका विभिन्न पक्षहरूको पहिचान गर्न ।**
**३. समाजमा रहेका राम्रा नराम्रा पक्षहरू पहिल्याई सामाजिक कुरीतिबाट हुने बेफाइदाहरू वर्णन गर्न ।**
**४. समुदायको शैक्षिक अवस्थाको उल्लेख गर्न ।**
**५. शैक्षिक अवस्थामा सुधार ल्याउन के के गर्न सकिन्छ वर्णन गर्न ।**
**६. समुदायलाई विकासको विभिन्न पक्षहरूबारे परिचय दिई विकास कार्यमा संलग्न गराउन ।**

**२. विषयवस्तु :**

१. समुदाय विकासका पक्षहरू :

१.१. आर्थिक पक्ष

- १.१.१. कृषि पैदावार बढाउनु
- १.१.२. कृषिमा विविधिकरण
- १.१.३. आयको विभिन्न स्रोतहरू पहिल्याउनु

१.२. शैक्षिक पक्ष

- १.२.१. विद्यालयमा विद्यार्थी भर्ना दर बढाउनु
- १.२.२. महिला शिक्षामा जोड दिनु
- १.२.३. पढ्दा पढ्दै बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या घटाउनु
- १.२.४. प्रौढ साक्षरता कार्यक्रम
- १.२.५. स्वास्थ्य शिक्षा, वातावरण संरक्षण र जनसंख्या शिक्षा

१.३. सामाजिक पक्ष :

- १.३.१. जाति, लिङ्ग र रङ्गको आधारमा भेदभाव नगर्नु ।
- १.३.२. लागू औषधि सेवन नगर्नु ।
- १.३.३. जुवा नखेल्नु ।
- १.३.४. नशालु पदार्थ सेवन नगर्नु
- १.३.५. साँस्कृतिक सम्पदाको संरक्षण

३. **शिक्षण सामग्री :**

१. कृषिमा पैदावार बढाउने साधारण उपायहरूको सूची
२. समुदायमा रोजगारीको अवसर बढाउन गर्न सकिने कार्यहरूको सूची
३. समुदायमा स्कूल जाने उमेरका बालबालिकाहरूको संख्या र स्कूलमा भर्ना भएका बालबालिकाहरूको संख्या लेखेको चार्ट ।
४. समुदायमा विकासका प्रयासहरू के के हुन सक्दछन् लेखेको चार्ट ।

४. **क्रियाकलाप :**

१. सहभागीहरूलाई आ-आफ्नो समुदायमा गर्न सकिने साधारण खालका विकासका पक्षहरू लेख्न लगाई सूची तयार पार्न लगाउने ।
२. आर्थिक पक्षको विकासको लागि एक प्राथमिक शिक्षकले समुदायमा के कस्ता किसिमका कार्यहरू गर्न सक्छ छलफल गरी त्यसको सूची तयार पार्ने ।
३. समाजमा रहेको कुरीतिहरू हटाउन के कस्ता किसिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ कक्षामा छलफल गर्ने ।
४. समुदायमा साक्षरता कार्यक्रमलाई सफल बनाउन अपनाउन सकिने कार्यकलापहरू बारे छलफल गर्ने:
    ४.१. समुदायमा निरक्षर व्यक्तिहरूको नामावली तयार गर्ने ।
    ४.२. प्रौढ शिक्षाको महत्व दर्शाउने गीत बनाउने ।
    ४.३. निरक्षर हुनाले हुने बेफाइदा झल्काउने स-साना नाटक तयार पारी प्रदर्शन गर्ने ।
    ४.४. समुदायको विभिन्न ठाउँमा हातले लेखेको पोष्टर पर्चा आदि टाँस्ने ।
    ४.५. समुदायमा निरक्षर हटाउन अभिरूचि राख्ने व्यक्तिको सूची तयार पारी व्यक्ति सुहाउँदो काम गराउने ।
    ४.६. महिलाहरूलाई विशेष अनुरोध गर्ने ।

    (यसरी समुदायमा शैक्षिक अवस्थामा सुधार ल्याउन अरू विभिन्न किसिमका कार्यक्रमहरू तयार पारी कार्यान्वयन गर्ने ।)
५. समय समयमा समुदायका मानिसहरूलाई विद्यालयमा भेला गराई आर्थिक, सामाजिक र शैक्षिक विकास बारे छलफल गर्ने ।
६. समुदायको कृषि, स्वास्थ्य, शिक्षा आदिको विकासको लागि खटिई आएका व्यक्तिसँग सम्बन्ध राख्न प्रेरणा दिने ।
७. विकास कार्यक्रम राम्ररी सञ्चालन गर्न आवश्यक तथ्याङ्क प्राप्त गर्न सहभागीहरूलाई समुदायको विवरण तयार पार्न लगाउने । यसको लागि समुदायको विवरण नमूना खाका तल दिइएको छ:

## समुदायको विवरणको नमूना खाका

गाउँको नाम ............................  जिल्ला ............................

१. जनसंख्या (स्रोत: गाउँ विकास समिति)

१. कूल जनसंख्या: ............................

२. १५ वर्ष र सो भन्दा माथिको : पुरुष संख्या ........................
महिला संख्या ........................

३. १५ वर्ष मुनिको: पुरुष संख्या ........................
महिला संख्या ........................

२. जातिगत समूह (परिवार संख्या) (स्रोत गाउँ विकास समिति)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ब्राम्हण | ७. | थारु | १३. | .................. |
| २. | क्षेत्री | ८. | तेली | १४. | .................. |
| ३. | नेवार | ९. | यादव | १५. | .................. |
| ४. | गुरुङ | १०. | ...................... | १६. | .................. |
| ५. | मगर | ११. | ...................... | १७. | .................. |
| ६. | तामाङ्ग | १२. | ...................... | १८. | .................. |

३. कृषि (स्रोत: गाउँ विकास समिति / जे. टि. ए.)

३.१. जग्गा विवरण

१.१. कूल क्षेत्रफल

१.२. खेती गरिएको जमीन

१.३. खेती नगरिएको जमीन

१.४. वन क्षेत्र

३.२. अन्न वाली

२.१. ........................

२.२. ........................

२.३. ........................

२.४. ........................

२.५. ........................

३.३. नगदे वाली

३.१. ........................

३.२. ........................

३.३. ........................

३.४. ........................

३.५. ........................

३.४. तरकारी / फलफूल

४.१. ........................

४.२. ........................
४.३. ........................
४.४. ........................
४.५. ........................

३.५. मल, बीउ, कीटनाशक औषधिको प्रयोग

परिणाम — स्रोत

५.१. उन्नत बीउ
५.२. मल
५.३. कीटनाशक औषधि

३.६. पशुपालन

प्रकार — संख्या

६.१.
६.२.
६.३.
६.४.
६.५.

४. आम्दानीको स्रोत :
१. मूल स्रोत ........................
२. अन्य स्रोत ........................

५. यातायात सेवा :
१. नजिकको बजार कति दूरीमा छ ............................
२. बजारसँग सम्पर्क राख्ने यातायात साधन ......................

६. सञ्चार :
१. हुलाक अड्डा
२. अखवार
३. समुदायमा रेडियो भएको परिवार संख्या:

७. शिक्षा :
१. जम्मा विद्यालय संख्या:
२. प्राथमिक:
३. निम्न माध्यमिक:
४. माध्यमिक:
५. अन्य:

८. विद्यार्थी संख्या — पुरुष: ......... महिला: ..... कूल:......
१. प्राथमिक:

२. निम्न माध्यमिक:
३. माध्यमिक:
४. अन्य:
५. सारक्षता प्रतिशत:

९. संस्थागत सुविधा :
१. अस्पताल, स्वास्थ्य चौकी
२. साझा
३. बैंक
४. पुलिस चौकी
५. साना किसान विकास परियोजना

१०. समुदायमा हाल चालु विकास आयोजनाहरू (सरकारी क्षेत्र) :

| | नाम | प्रकृति |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

११. गैह्र सरकारी क्षेत्रबाट चालु आयोजनाहरू :

| | नाम | प्रकृति |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

१२. समुदाय विकास सम्बन्धी अरू कुनै भए :

............ ............ ............ ............ ............
............ ............ ............ ............ ............

५. मूल्याङ्कन :

स्थलगत रिपोर्ट
लिखित परीक्षा
मौखिक परीक्षा

# एकाइ ११ : समुदाय विकासको लागि सेवाको उपलब्धता र त्यसको प्रयोग

समय : ५ घण्टा

**परिचय :**

ग्रामीण समाजको विकासको लागि श्री ५ को सरकार र अन्य कैयौं गैह्र सरकारी संस्थाहरू कार्यरत छन् । यदि ग्रामीण जनताले यी समुदाय विकासको लागि संलग्न संस्थाहरूबारे जानकारी हासिल गर्न सकेनन् भने यसबाट समुदाय विकासको कुनै किसिमको सुधार हुँदैन । एक प्राथमिक शिक्षकको कर्तव्य यी सामुदायिक सेवाहरूको बारेमा स्थानीय जनतालाई परिचय गराउनु पनि हो । अत: यस एकाइको मुख्य उद्देश्य सहभागीहरूलाई समुदायका समस्याहरू पहिल्याई तिनीहरूको समाधानको लागि प्राप्त हुन सक्ने स्थानीय सेवाहरू बारे छलफल गरी त्यसको उपयोग समुदायका जनताबाट बढी से बढी मात्रामा गराउन सीप विकास गराउनु पनि हो ।

**१. उद्देश्य :**

यो एकाइ पुरा भैसकेपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

१. विद्यार्थीहरू र समुदायका व्यक्तिहरूसँग छलफल गरी मुख्य मुख्य समस्याहरू पहिल्याउन ।
२. विद्यालयमा समुदायका मानिसहरूलाई समय समयमा भेला गराइ स्थानीय विकासको लागि के कस्ता किसिमका सेवाहरू उपलब्ध छन् त्यसको जानकारी गराउन ।
३. स्थानीय जनतालाई प्राप्त सुविधाहरूको बढी मात्रामा उपभोग गर्न प्रोत्साहन दिन ।
४. यी सेवाहरूको प्राप्तिबाट के कस्ता किसिमका फाइदाहरू हुन्छन् स्थानीय जनतालाई बताउन ।
५. उपलब्ध सेवाहरूको प्रयोग गर्न के कस्ता किसिमका कठिनाइ तथा समस्याहरू आउन सक्छन् त्यसबारे छलफल गर्न ।

**२. विषयवस्तु :**

१. मुख्य मुख्य स्थानीय समस्याहरू
२. स्थानीय विकासका लागि कार्यरत संघ संस्थाहरू
३. स्थानीय विकासका लागि उपलब्ध सेवाहरू ।

**३. शिक्षण सामग्री**

समुदाय विकासको लागि उपलब्ध सेवा झल्काउने चार्ट ।

**४. क्रियाकलाप :**

१. प्रशिक्षकले सहभागीहरूसँग छलफल गरी मुख्य मुख्य स्थानीय समस्याहरू पहिल्याउन लगाउने ।
२. स्थानीय विकासको लागि कार्यरत संघ संस्थाहरूको (स्थानीय, जिल्लास्तरीय) सूची तयार पार्न लगाउने ।
३. शैक्षिक आवश्यकता र उपलब्धताबारे एक सानो समुदाय सर्भे गर्ने ।

४. समुदायमा अवस्थित विभिन्न ठाउँहरू र वस्तुहरूको नाम भन्न लगाई त्यसबाट हुने फाइदाहरूबारे छलफल गर्न लगाउने ।
५. समुदाय सिकाइ केन्द्रहरू (Community Learning Centres) स्थापना गर्न लगाउने ।
६. समुदायका व्यक्तिहरूलाई विद्यालयमा समय समयमा औपचारिक र अनौपचारिक भेला गराई समुदायमा उपलब्ध सेवाहरूबारे छलफल गर्ने ।
७. वन विनाश, जनसंख्या विष्फोटन, सरुवारोग आदिबाट हुने बेफाइदाहरू झल्किने खालको स-सानो नाटकहरूको आयोजना गरी समुदायमा प्रस्तुत गर्न लगाउने ।
८. पोष्टर तथा अरू पाठ्य सामग्रीहरू तयार पार्न लगाउने ।
९. समुदाय विकासको लागि संलग्न विभिन्न व्यक्तिहरू निम्त्याई प्रवचन दिन लगाउने ।
१०. ग्रामीण जनतासित मिली समुदाय विकासको विभिन्न कार्यकलापहरू जस्तै : वृक्षारोपण, सरसफाइ, वनजङ्गलको रक्षा आदिको आयोजना गर्ने ।
११. समुदायमा अवस्थित विभिन्न ठाउँहरू जस्तै : नदीनाला, वनजङ्गल, पर्ती जमीन, मन्दिर आदिबाट स्थानीय जनतालाई हुन सक्ने फाइदाहरू बारे छलफल गरी त्यसको उपयोग गर्न लगाउने ।

५. **मूल्याङ्कन :**

१. सहभागीहरूलाई माथि उल्लेखित कार्यकलापहरू गर्न लगाई त्यसको आधारमा मूल्याङ्कन गर्ने ।
२. लिखित परीक्षा (छोटो) उत्तर आउने प्रश्नहरू:
नमूनाको लागि केही प्रश्नहरू तल दिइएको छ:

२.१. ग्रामीण जनताको समस्या तथा आवश्यकता पत्ता लगाउन के के उपायहरू अवलम्बन गर्न सकिन्छ ?

२.१.१. ................................................
२.१.२. ................................................
२.१.३. ................................................
२.१.४. ................................................
२.१.५. ................................................

२.२. समुदायका जनतालाई स्थानीय विकास सेवाहरूबारे जानकारी दिनु परेमा कस्ता किसिमको कार्यकलापहरू अपनाउन सकिन्छ ?

२.२.१. ................................................
२.२.२. ................................................
२.२.३. ................................................
२.२.४. ................................................
२.२.५. ................................................

# एकाइ १२ : समुदाय विकासमा प्राथमिक शिक्षकको भूमिका

समय : १० घण्टा

**परिचय :**

एक प्राथमिक शिक्षकको कर्तव्य विद्यालयको पर्खाल भित्र रहेर बालबालिकाहरूलाई पढाउने मात्र नभै समुदायको एक नेताको रूपमा पनि काम गर्नु हो । उसले समुदायको चौतर्फी विकासको लागि ग्रामीण जनतालाई प्रेरणा दिने प्रेरकको रूपमा रहनु पर्दछ । उसले समुदायमा विभिन्न किसिमको विकास कार्यक्रम सञ्चालन गर्नुका साथै विकास कार्यक्रमहरूलाई अगाडि बढाउन स्थानीय जनतालाई प्रोत्साहन दिनु पर्दछ । अत: यस एकाइको मुख्य उद्देश्य प्राथमिक शिक्षकले समुदायको विकासमा के कस्ता किसिमका भूमिका खेल्न सक्दछ त्यसको जानकारी मोटामोटी हिसाबले दिन खोज्नु हो ।

## १. उद्देश्य :

यस एकाइको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. समुदायमा साधारण खालका विकास कार्यक्रम सञ्चालन गर्न ।
२. विभिन्न निकायहरूबाट सञ्चालित विकास कार्यक्रमहरूलाई अगाडि बढाउन मद्दत दिने ।
३. समुदायका मानिसहरूलाई विभिन्न किसिमको साधारण समस्याहरू समाधान गर्न सल्लाह दिन ।
४. प्रौढ कक्षाहरू सञ्चालन गर्न ।
५. महिला शिक्षालाई प्रोत्साहन दिन ।
६. सुविधाविहीन बालबालिकाहरूलाई शिक्षाको व्यवस्था गर्न ।
७. समुदाय तथा देशको संस्कृतिको विकासको रक्षा तथा संवर्द्धन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्न ।
८. विकास कार्यक्रमहरूमा भाग लिन समुदायका मानिसहरूलाई तयार पार्न ।
९. सबै किसिमको समूहको मध्यस्थकर्ता (Mediator) का रूपमा कार्य गर्न ।

## २. विषयवस्तु :

१. शिक्षक, समुदायमा परिवर्तनको संवाहक ।
२. शिक्षक, समुदायमा विकासको कार्यक्रमहरू अगाडि बढाउने कार्यकर्ता ।
३. शिक्षक, समुदायमा प्रौढशिक्षा, महिला शिक्षा र सुविधाविहीन बालबालिकाहरूलाई शिक्षा सञ्चालन गर्ने कार्यकर्ता ।
४. शिक्षक, स्थानीय जनताको साधारण सल्लाहकार ।
५. शिक्षक, समुदायको मूल्य र मान्यताको रक्षक ।
६. शिक्षक, समुदायको विभिन्न समूहबीच मध्यस्थकर्ता ।

## ३. शिक्षण सामग्री :

१. समुदायमा रहने मानिसहरूको चाहना र समस्याहरूलाई थाहा पाउन के के उपायहरू अवलम्बन गर्न सकिन्छ, त्यसको सूची ।
२. समुदाय विकासको लागि कुन कुन एकाइहरू (सरकारी र गैह्र सरकारी) संलग्न छन् त्यसको सूची (उदाहरणको रूपमा मात्र)

३. फोहोर मैला तथा सरसफाइको अभावले हुन सक्ने रोगहरूको नाम ।
४. वृक्षारोपण, परिवार नियोजन, सरसफाइ आदिले गर्दा व्यक्ति तथा समाजलाई के कस्ता किसिमका फाइदाहरू हुन्छन्, त्यसको सूचि ।

## ४. क्रियाकलाप :

१. समुदायमा बस्ने मानिसहरूको समस्या र चाहनाहरूलाई पहिल्याउन एक सानो सर्भे गर्ने ।
२. सहभागीहरूसँग छलफल गरी समुदाय विकास कार्यमा एक प्राथमिक शिक्षकले के कस्ता किसिमका कार्यकलापहरू गर्न सक्दछ, त्यसको सूची तयार पार्न लगाउने ।
३. स्थानीय जनता र विकास कार्यमा संलग्न रहेका विभिन्न व्यक्तिहरू बीच छलफल गराउने ।
४. समुदायमा कार्यमूलक साक्षरता कार्यक्रमहरू सञ्चालन गर्ने ।
५. समाजमा महिला शिक्षाको महत्व दर्शाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।
६. समुदायका मानिसहरूसँग मिली विभिन्न किसिमको विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

*उदाहरणको लागि केही कार्यक्रम तल दिइएको छ :*

६.१. सार्वजनिक स्थल जस्तैः विद्यालय, धार्मिक स्थल, बाटोघाटो, धारा पँधेरो, इनार आदिको सरसफाई गर्ने कार्यक्रम ।
६.२. समुदायको केही नभएको खाली ठाउँमा वृक्षारोपण गर्ने ।
६.३. समुदायको मानिसहरूलाई समय समयमा भेला गराई वन विनाश, जथाभावी फोहोरमैला फ्याँक्नु, धान्न नसक्ने किसिमबाट धेरै छोराछोरी जन्माउनु, अशिक्षित हुनु आदिले गर्दा हुने बेफाइदाबारे छलफल गर्ने ।

७. आफ्नो संस्कृति, सभ्यता, मूल्य र मान्यता आदि झल्कने खालको स-सानो लघु नाटकहरू तयार पार्न लगाई समुदायका जनता समक्ष प्रस्तुत गर्न लगाउने ।
८. ग्रामीण समाजमा आउन सक्ने साधारण किसिमका समस्याहरूबारे सहभागीहरूसँग छलफल गरी त्यसलाई समाधान गर्न प्राथमिक शिक्षकले एक समुदायको अगुवाको रूपमा कसरी कार्य गर्न सक्दछ छलफल गर्ने ।
९. महिला तथा सुविधाविहीन बालबालिकाहरूका लागि विशेष कक्षाहरू कसरी सञ्चालन गर्न सकिन्छ छलफल गर्ने ।
१०. तालीम केन्द्रमा नै अथवा नजिकको कुनै विद्यालयमा प्रौढ कक्षा, महिलाहरूको लागि कक्षा, सुविधाविहीन बालकालिकाहरूको लागि विशेष कक्षा तालीम केन्द्रले सञ्चालन गरी सहभागीहरूलाई संलग्न गराउने ।

## ५. मूल्याङ्कन :

१. सहभागहिरूलाई विभिन्न समूहमा विभाजन गरी हरेक समूहलाई विशेष किसिमको कार्य सञ्चालन गर्न जिम्मा दिने त्यसको आधारमा मूल्याङ्कन गर्ने ।
२. लिखित परीक्षा ।
३. सहभागीहरूलाई गाउँको भ्रमण गर्न लगाई रिपोर्ट तयार पार्न लगाई त्यसको आधारमा पनि मूल्याङ्कन गर्ने ।

# एकाइ १३ : विद्यालय समुदाय सम्बन्ध

समय : ७ घण्टा

## परिचय :

विद्यालय भनेको समुदायको एक अभिन्न अङ्ग हो र विद्यालय सञ्चालन गर्नमा समुदायको नै बढी भूमिका रहन्छ । यसको सहयोग र मद्दतविना विद्यालय राम्ररी सञ्चालन हुन सक्दैन । अत: सहभागीहरूमा विद्यालय र समुदाय बीच घनिष्ट सम्बन्ध राख्न के कस्ता किसिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ सो को ज्ञान हुनु अति आवश्यक छ । विद्यालय र समुदाय बीचको राम्रो सम्बन्धले नै विकासका कार्यक्रमहरूलाई अगाडि बढाउन सकिन्छ ।

## १. उद्देश्य :

यस एकाइको प्रशिक्षणपछि सहभागीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् :

१. विद्यालयमा समुदायका मानिसहरूलाई स्थानीय विकासबारे विभिन्न कुराहरूको प्रदर्शन गर्न ।
२. विद्यालयमा के कस्ता कुराहरूको प्रदर्शन गर्न सकिन्छ छलफल गरी योजना बनाउन ।
३. विद्यालयमा समुदाय संगठनको विभिन्न कार्यक्रम सञ्चालन गर्न ।
४. विद्यालयलाई समुदायको मिलन केन्द्र बनाउन ।
५. विद्यालयमा विद्यार्थीहरूसँग मिली समुदाय समक्ष विभिन्न किसिमका स्वास्थ्य, मनोरञ्जनात्मक तथा शिक्षाप्रद कार्यक्रमहरू प्रस्तुत गर्न ।
६. स्थानीय जनतालाई समुदाय विकासको लागि भइरहेका प्रयासहरू बारे ज्ञान दिने स्थल विद्यालय हो भन्ने कुरा महसुस गराउन ।
७. शिक्षक अभिभावक संघको महत्व बुझी संघ स्थापना गर्न ।
८. समुदाय विकासको लागि संगठित विभिन्न संगठनहरूको मिलन केन्द्र बनाउन ।

## २. विषयवस्तु :

१. विद्यालय, विकास कार्यको प्रदर्शन गर्ने स्थल ।
२. विद्यालय, स्थानीय जनतालाई विकासबारे ज्ञान दिने स्थल ।
३. शिक्षक अभिभावक संघको परिचय र महत्व ।
४. विद्यालय, संगठनहरूको भेटघाट गर्ने स्थल ।
५. विद्यालय, स्थानीय जनतालाई शिक्षाप्रद तथा स्वस्थ मनोरञ्जन प्रदान गर्ने स्थल ।

## ३. शिक्षण सामग्री :

१. समुदायको विकास झल्कने चार्ट, पोष्टर, तस्वीर आदि ।
२. शिक्षक अभिभावक संघबाट हुने फाइदाहरू लेखेको चार्ट ।
३. सहभागीहरूलाई चार्टहरू बनाउन लगाउने कागज ।

## ४. क्रियाकलाप :

१. प्रशिक्षकले सहभागीहरूसँग समुदायको विकाससँग सम्बन्धित के के कुराहरूको प्रदर्शन विद्यालयमा गर्न सकिन्छ छलफल गर्ने । विभिन्न तस्वीरहरू, पोष्टर, मोडल (सुधारिएको चर्पी) आदि ।

२. स्थानीय विकासको संगठित संगठनहरूको बैठक, भेटघाट कार्यक्रम विद्यालयमा गर्न लगाउने, उदाहरण: गाउँको जे. टी. ए. ले कृषि सम्बन्धी, स्वास्थ्य सहायकले सरसफाइ, सरूवारोग बारे समुदायका मानिसहरूलाई बताउने केन्द्र विद्यालयलाई बनाउने ।

३. स्थानीय जनताको कृषि, स्वास्थ्य, शिक्षा, सीप विकास आदिबारे छलफल गर्न विद्यालयले नेतृत्व लिने ।

४. समुदायको विकास सम्बन्धी कुराहरू झल्कने खालको मनोरञ्जनात्मक कार्यक्रमहरू समय समयमा समुदाय समक्ष प्रस्तुत गर्ने ।

५. स्थानीय विकाससित सम्बन्धित सरकारी, गैह्र सरकारी संघ संस्थाहरूका व्यक्तिहरूलाई बोलाई प्रवचन दिन लगाउने ।

६. गाउँलेहरूको विभिन्न साधारण खालका समस्याहरू समाधान गर्न विद्यालय आउन प्रोत्साहन गर्ने । उदाहरण: कृषि सम्बन्धी समस्या समाधान गर्नु परेमा कहाँ र को सँग सम्बन्ध राख्ने ? परिवार नियोजन गर्न कहाँ जाने ? झाडा पखाला लागेमा के गर्ने र कहाँ जाने ? आदि जस्ता कुराहरूको सरसल्लाह जनसमुदायलाई दिने ।

७. प्रशिक्षकले शिक्षक अभिभावक संघको महत्व, भूमिका र उपयोगिताबारे सहभागीहरूसँग छलफल गर्ने ।

८. प्रशिक्षकले आफ्नो नेतृत्वमा सहभागीहरूलाई नजिकको प्राथमिक स्कूलमा भ्रमण गराई शिक्षक अभिभावक संघ स्थापना गर्न प्रोत्साहन दिन लगाउने ।

९. समुदायको विकासमा शिक्षा र शिक्षकको भूमिका बारे आफ्नै अनुभवको आधारमा हरेक सहभागीहरूलाई लेख लेख्न लगाउने ।

१०. विद्यालय र समुदायको कार्यक्रम बीच घनिष्ट सम्बन्ध ल्याउन सहभागीहरूलाई क्षेत्रीय भ्रमण गर्न लगाउने र यसको फाइदा र बेफाइदा उल्लेख गर्ने ।

११. विद्यालय र समुदायबीच राम्रो सम्बन्ध कायम राख्न के कस्ता किसिमका कार्यकलापहरू गर्न सकिन्छ सूची तयार गर्न लगाउने ।

१२. सहभागीहरू बीच विद्यालय र समुदाय बीचको सम्बन्ध बारे छलफल गर्न लगाउने ।

१३. सहभागीहरू विभिन्न किसिमको समुदायबाट आउने हुनाले समुदाय विकासका समस्याहरू के कस्ता प्रकृतिका हुन्छन थाहा पाउन त्यसको एक सूची तयार पार्न लगाउने र त्यसको समाधानको लागि विद्यालयले के कस्तो किसिमको भूमिका खेल्न सक्तछ छलफल गर्ने ।

५. मूल्याङ्कन :

१. सहभागीहरूलाई विद्यालय र समुदाय सम्बन्ध बारे निबन्ध लेख्न लगाई त्यसको आधारमा मूल्याङ्कन गर्ने ।

२. हरेक सहभागीहरूलाई आफ्नो समुदायमा विद्यमान समस्याहरूको प्रकृति र किसिम भन्न र लेख्न लगाउने र समाधानको लागि आफू प्राथमिक शिक्षकको हैसियतले के गर्न सकिन्छ साथै यसका लागि विद्यालयको भूमिका कस्तो हुन्छ सो पनि लेख्न लगाउने ।

३. हरेक सहभागीलाई माथि उल्लेखित खालको क्रियाकलाप (Practical) कार्यहरू गर्न लगाई त्यसको आधारमा मूल्याङ्कन गर्ने ।

४. लघु उत्तरात्मक प्रश्नहरूबाट पनि मूल्याङ्कन गर्न सकिन्छ ।

# एकाइ १४ : पाठ्यांशको परिचय

समय : ९० घण्टा

नेपालको प्राथमिक शिक्षक तालीम केन्द्रहरूमा अध्यापन गरिने विभिन्न विषयहरूमध्ये प्राथमिक शिक्षा र समुदाय विकासलाई पनि एक महत्वपूर्ण विषयका रूपमा राखिएको छ । यस विषयको अध्ययनबाट सहभागीहरूलाई देशको विकासमा प्राथमिक शिक्षाको महत्व, यसका उद्देश्यहरू, यसको विकासमा गरिएका प्रयासहरू, प्राथमिक शिक्षाको विकासमा आइपर्ने समस्याहरूबारे स्पष्ट हुनेछ । त्यसरी नै यस विषयले देशमा प्राथमिक शिक्षाको सञ्चालन कुन रूपबाट भइरहेको छ, यसको भविष्य कस्तो छ भन्ने कुराको पनि ज्ञान दिन खोजिएको छ । प्राथमिक शिक्षकलाई समाजको अग्रणी भूमिका खेल्न के कस्ता किसिमका ज्ञान, सीप र अभिवृत्तिको आवश्यकता पर्दछ त्यसबारे पनि यस पाठ्यांशमा उल्लेख गरिएको छ । यस पाठ्यांशको अध्ययनबाट तालीममा आएका प्राथमिक शिक्षकहरूले नेपालमा सञ्चालन भइरहेको प्राथमिक शिक्षा सम्बन्धी गतिविधिहरूबारे समग्ररूपमा ज्ञान प्राप्त गर्नेछन् भने एक प्राथमिक शिक्षकले विद्यालयको कक्षा कोठामा परिवर्तनको संवाहकको रूपमा भूमिका खेल्न पनि सहयोग गर्नेछ ।

## १. पाठ्यांशका सामान्य उद्देश्यहरू :

यो पाठ्यांशको अध्ययन पूरा भैसकेपछि सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन्:

१. नेपालमा प्राथमिक शिक्षाको अर्थ र महत्व बताउन ।
२. नेपालमा प्राथमिक शिक्षाका उद्देश्यहरूलाई प्रष्ट पार्न ।
३. नेपालमा प्राथमिक शिक्षाको ऐतिहासिक विकास कुन रूपबाट भएको छ स्पष्ट पार्न ।
४. नेपालमा प्राथमिक शिक्षा विकासका लागि गरिएका विभिन्न प्रयासहरू बताउन ।
५. प्राथमिक शिक्षाको विकासमा आइपर्ने समस्याहरू र त्यसको समाधानका लागि उपायहरू पहिल्याउन ।
६. प्राथमिक कक्षामा पढाइने विषयहरू र तिनीहरूको भार बारे बताउन ।
७. नेपालमा प्राथमिक शिक्षाको प्रशासनिक ढाँचा बारे बताउन ।
८. प्राथमिक शिक्षक तालीमको आवश्यकता बारे उल्लेख गर्न ।
९. समुदाय विकासको अर्थ र महत्व दर्शाउन ।
१०. प्राथमिक विद्यालयलाई समुदायको केन्द्रको रूपमा संगठन गरी समुदायको विकासमा शिक्षकको भूमिकालाई उल्लेख गर्न ।
११. समुदाय जीवनको मुख्य मुख्य विशेषताहरू बताउन ।
१२. समुदाय विकासका विभिन्न पक्षहरू बारे वर्णन गर्न ।
१३. समुदायको विकासमा प्राथमिक शिक्षकको भूमिकाको उल्लेख गर्न ।
१४. विद्यालय र समुदाय बीच गहिरो सम्बन्ध राख्न ।
१५. समुदाय सेवाको उपलब्धता र प्रयोग बारे बताउन ।

२. **विषयवस्तु :**

## एकाइ १ : प्राथमिक शिक्षाको अर्थ र महत्व

समय : ६ घण्टा

१. प्राथमिक शिक्षाको सामान्य अर्थ ।

२. व्यक्ति, समाज तथा राष्ट्रको विकासमा प्राथमिक शिक्षाको भूमिका:

२.१. व्यक्तिगत विकासका लागि प्राथमिक शिक्षा

२.२. सामाजिक कुरीतिहरू हटाउन प्राथमिक शिक्षा

२.३. राष्ट्र विकासको कार्यकलापहरूलाई अगाडि बढाउन प्राथमिक शिक्षा

२.४. समुदाय अथवा ग्रामीण जीवनको समस्याको रूपमा रहेको जस्तै: रूढिबादी विचारधारा, जनसंख्या वृद्धि, भूक्षय, वनविनाश, लागू औषधी, मदिरापान, जुवा आदि जस्ता कुरालाई रोकथाम गर्न प्राथमिक शिक्षाको भूमिका ।

३. प्राथमिक शिक्षा बालबालिकाहरूको जन्मसिद्ध अधिकार ।

४. सबैका लागि शिक्षाको धारणा:

४.१. सन् २००० सम्ममा सबैको लागि शिक्षाको संकल्प ।

४.२. सन् २००० सम्ममा सबैलाई प्राथमिक शिक्षा उपलब्ध गराउन कठिनाइहरू ।

४.३. सन् २००० सम्ममा सबैलाई प्राथमिक शिक्षा उपलब्ध गराउने क्रममा आउने वाधाहरू हटाउने केही उपायहरू ।

## एकाइ २: नेपालमा प्राथमिक शिक्षाको उद्देश्य

समय : ५ घण्टा

१. प्राथमिक विद्यालयमा अध्यापन गरिने विषयहरू र तिनीहरूको भार ।

२. प्राथमिक शिक्षाको उद्देश्य:

२.१. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (NNEPC) को रिपोर्टमा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य ।

२.२. राष्ट्रिय शिक्षा पद्धतिको योजनामा उल्लेखित प्राथमिक शिक्षाको उद्देश्य ।

२.३. वर्तमान प्राथमिक शिक्षाको उद्देश्य ।

३. पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण:

३.१. पाठ्यक्रम निर्माण र विकासको प्रक्रिया ।

३.२. विषय समिति ।

३.३. राष्ट्रिय पाठ्यक्रम परिषद्

## एकाइ ३: नेपालमा प्राथमिक शिक्षाको विकास

समय : १० घण्टा

१. प्रजातन्त्र आउनु भन्दा अगाडि प्राथमिक शिक्षा ।

२. प्रजातन्त्र पछि प्राथमिक शिक्षा ।

३. राष्ट्रिय शिक्षा पद्धतिको योजना ।

४. राष्ट्रिय शिक्षा आयोग (सन् १९९२) ।

५. शिक्षाको संरचना:

५.१. रा.शि.प. को योजना अगाडि

५.२. रा.शि.प. योजना काल (३ + ४ + ३)

५.३. वर्तमान रचना (५ + ३ + २ + २)

६. प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना:

६.१. तराई, पहाड तथा शहरी क्षेत्रमा विद्यार्थी भर्ना ।

६.२. उमेरको आधारमा भर्ना ।

६.३. बालक र बालिकाको आधारमा भर्ना ।

७. प्राथमिक विद्यालयको शिक्षक:

७.१. प्राथमिक शिक्षक तालीमको आवश्यकता ।

७.२. शिक्षक भर्ना र नीति ।

७.३. प्राथमिक स्कूल शिक्षकको योग्यता ।

८. प्राथमिक शिक्षाको लागि आर्थिक अवस्था

८.१. प्राथमिक शिक्षाको लागत

८.२. प्राथमिक शिक्षाको आर्थिक पक्षमा श्री ५ को सरकारको नीति र अनुदान ।

## एकाइ ४: प्राथमिक शिक्षाका समस्याहरू

समय : ७ घण्टा

१. भौतिक सुविधा ।

२. शिक्षक समस्या ।

३. प्राथमिक कक्षाको लागि उपयुक्त शैक्षिक सामग्रीको अभाव ।

४. अभिभावकहरूबाट आवश्यक मात्रामा सहयोगको अभाव ।

५. पहिलो कक्षाको समस्या ।

६. महिला र सुविधाविहीन (Disadvantaged Group) का बालबालिकाहरूको समस्या ।

७. प्राथमिक शिक्षाका समस्या समाधानका साधारण उपायहरू ।

## एकाइ ५: प्राथमिक शिक्षा विकासको लागि गरिएका प्रयासहरू

समय : ५ घण्टा

१. निःशुल्क पाठ्यपुस्तक वितरण ।
२. शिक्षकहरूलाई तालीमको व्यवस्था ।
३. छात्राहरूलाई छात्रवृत्ति तथा विशेष सुविधा ।
४. आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP)
५. प्राथमिक शिक्षा विकास परियोजना (PEDP)
६. छात्रा तथा सुविधाविहीन (Disadvantaged) समूहका बालबालिकाहरूलाई विशेष व्यवस्था ।
७. महिला शिक्षकको नियुक्ति
८. प्राथमिक शिक्षामा निजी क्षेत्रको भूमिका ।

## एकाइ ६: प्राथमिक शिक्षाको प्रशासन र व्यवस्थापन

समय : ८ घण्टा

१. जिल्ला शिक्षा कार्यालयको भूमिका र जिम्मेवारीहरू:
    - १.१. विद्यालयलाई स्वीकृति दिनु ।
    - १.२. श्री ५ को सरकारको शिक्षा नीति लागु गर्नु ।
    - १.३. अनुदान दिनु ।
    - १.४. शैक्षिक कार्याकलापहरूको सुपरीवेक्षण एवं मूल्याङ्कन गर्नु ।
    - १.५. शिक्षक भर्ना गर्नु ।
    - १.६. जिल्ला स्तरका शिक्षाका योजना सञ्चालन गर्नु ।
    - १.७. जिल्ला स्तरका परीक्षा सञ्चालन गर्नु ।

२. विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारीहरू ।
    - २.१. यसको महत्व, आवश्यकता र बनावट ।
    - २.२. विद्यालय व्यवस्थापन समितिको कार्य र अधिकार ।
    - २.३. विद्यालय व्यवस्थापन समितिको फाइदा र बेफाइदा ।
    - २.४. विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकको भूमिका ।
    - २.५. शिक्षक र विद्यार्थीको आचार संहिता ।

## एकाइ ७: नेपालमा प्राथमिक शिक्षक तालीमको विकास

समय : ५ घण्टा

१. प्राथमिक शिक्षक तालीमको महत्व ।
२. प्राथमिक शिक्षक तालीममा शिक्षा शास्त्र संकायको भूमिका र यसको विकास ।
३. सेवाकालीन र पूर्व सेवाकालीन शिक्षक तालीम ।
४. प्राथमिक शिक्षक तालीमको वर्तमान अवस्था ।
५. शिक्षक तालीममा शैक्षिक जनशक्ति विकास केन्द्रको भूमिका ।
६. तालीम व्यवस्थापन तथा समन्वय समिति ।

## एकाइ ८: समुदाय विकासको अर्थ र महत्व

समय : ५ घण्टा

१. विभिन्न विकास कार्यक्रमको प्रतिफल र फाइदा ग्रामीण जगतमा पुऱ्याउनु ।
२. समुदाय विकास कार्यमा स्थानीय जनतालाई संलग्न गराउनु ।
३. समुदाय विकास कार्यक्रम अन्तर्गत स्थापित विभिन्न किसिमका संघ संस्थाहरूको परिचय र महत्व ।
४. नेपालको सम्पूर्ण जनसंख्यामा धेरै ग्रामीण जनता ।
५. राष्ट्रिय विकासको आधारमा ग्रामीण क्षेत्रलाई ल्याउनु ।
६. ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइ सर्ने प्रवृत्ति रोक्न विभिन्न किसिमको कार्यक्रमहरू सञ्चालन गर्नु ।
७. समुदायको विकासमा शिक्षाको भूमिका ।

## एकाइ ९: ग्रामीण जीवनका विशेषताहरू

समय : ७ घण्टा

१. **आर्थिक विशेषता :**
   - १.१. गरीबी
   - १.२. कृषिमा परम्परागत विधिको बाहुल्यता
   - १.३. स्थानीय स्रोतहरूको राम्ररी उपयोग नहुनु
   - १.४. बेकारीको समस्या

२. **सामाजिक विशेषता :**
   - २.१. परम्परागत समाज
   - २.२. भाग्यमा विश्वास
   - २.३. जातपातको भेदभाव
   - २.४. महिलाप्रति असामान्य व्यवहार

३. **शैक्षिक अवस्था:**
   - ३.१. शिक्षामा कम संलग्नता ।
   - ३.२. कम शैक्षिक जागरण (Awareness)
   - ३.३. विद्यालयको कम आन्तरिक सक्षमता ।

## एकाइ १०: समुदाय विकासका पक्षहरू

समय : १० घण्टा

१. **आर्थिक पक्ष :**

   १.१. कृषि पैदावार बढाउनु

   १.२. कृषिमा विभेदीकरण गर्नु ।

   १.३. आयका विभिन्न स्रोतहरू पहिल्याउनु र बढाउनु ।

२. **शैक्षिक पक्षः**

   २.१. विद्यालयमा विद्यार्थी भर्ना दर बढाउनु, खास गरी छात्रा तथा सुविधाविहीन समूहको बालबालिकाहरूलाई बढी सञ्चालन गर्नु ।

   २.२. कार्यमूलक साक्षरता कार्यक्रम सञ्चालन गर्नु ।

   २.३. बीचैमा विद्यालय छोड्ने प्रवृत्ति घटाउनु ।

   २.४. शिक्षा प्रति जागरूकता ल्याउन विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्नु ।

३. **सामाजिक पक्ष :**

   ३.१. समुदायमा विद्यमान सामाजिक कुरीतिहरू हटाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु ।

   ३.२. समुदाय विवरण खाका तयार गर्नु ।

## एकाइ ११: समुदाय विकास सेवाको उपलब्धता र प्रयोग

समय : ५ घण्टा

१. मुख्य मुख्य समस्याहरू : कृषि, वागवानी, पशुपालन, स्वास्थ्य, परिवार नियोजन, शिक्षा, वनविनाश, भू-क्षय आदि ।

२. समुदायमा प्राप्त हुने स्थानीय विकासका सेवाहरू ।

३. समुदायको फाइदाको लागि स्थानीय विकास सेवाहरूको बढी भन्दा बढी मात्रामा प्राप्ति ।

४. सामुदायिक विकास सेवाहरूको शैक्षिक महत्व ।

५. स्थानीय विकास सेवाहरू प्राप्त गर्न समस्याहरू ।

## एकाइ १२: समुदाय विकासमा प्राथमिक शिक्षकको भूमिका

समय : १० घण्टा

१. समुदाय विकासको लागि शिक्षा एक पूर्वाधार ।

२. समुदायको मूल्य र मान्यताको रक्षकको रूपमा ।

३. समुदाय विकास कार्यक्रमहरूमा सहयोग पुऱ्याउन एक महत्वपूर्ण एकाइको रूपमा ।

४. अशिक्षित र अज्ञानी जनताको सल्लाहकारको रूपमा ।

५. समुदाय विकासको लागि सबैलाई समान शैक्षिक अवसर प्रदान गर्ने एकाइको रूपमा ।

६. विद्यालय समयमा पढ्न आउन नसक्ने बालबालिकाहरू र प्रौढहरूको निमित्त शिक्षा दिने प्रेरकको रूपमा ।

७. समुदायमा महिला शिक्षाको प्रेरकको रूपमा ।

८. समुदायमा परिवर्तनको संवाहकको रूपमा ।

# एकाइ १३: विद्यालय समुदाय सम्बन्ध

समय : ७ घण्टा

१. विद्यालय र समुदाय बीचको सम्बन्धको अर्थ र महत्व
२. शिक्षक अभिभावक संघ ।
३. विद्यालय शिक्षामा समुदायलाई संलग्न गराउने उपाय
४. समुदायको सुविधा विद्यालयलाई र विद्यालयको सुविधा समुदायलाई उपलब्ध गराउने ।
५. सामुदायिक केन्द्रहरूमा विद्यालयको तर्फबाट विभिन्न कार्यक्रम प्रस्तुत गर्ने ।

# एकाइ १५ : पुरक सामग्री

## १. प्राथमिक शिक्षाको अर्थ र महत्व

नेपालले शैक्षिक विकासको आवश्यकतालाई वास्तविक रूपमा महसुस गरी यसतर्फ कदम चाल्न थालेको सही रूपमा भन्नेहो भने २००७ सालमा प्रजातन्त्रको अभ्युदय भएपछि मात्र हो । त्यसबेलादेखि प्राथमिक शिक्षाको विकास र विस्तारको लागि विभिन्न प्रयासहरू भएका छन् । २०११ देखि २०१२ को राष्ट्रिय शिक्षा योजना आयोग, २०१८ सालको सर्वाङ्गिण राष्ट्रिय योजना आयोग, २०२४ सालको राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्, २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०४५ को आधारभूत एवं प्राथमिक शिक्षाको विशेष कार्यक्रम र २०४९ को राष्ट्रिय शिक्षा आयोग जस्ता कदमहरूलाई यसै सन्दर्भमा गरिएका विशेष प्रयासहरू मान्न सकिन्छ ।

प्राथमिक शिक्षा सबै किसिमको शिक्षाको आधार हो । व्यक्तिको व्यक्तित्व विकास र समाजको विकासको लागि प्राथमिक शिक्षाले महत्वपूर्ण योगदान पुऱ्याउँदछ । अशिक्षित अज्ञानी व्यक्तिले राष्ट्रको आर्थिक, सामाजिक, भौतिक आदि विकास कार्यमा मद्दत पुऱ्याउन सक्तैन । शिक्षाको अभावले गर्दा भैरहेको श्रमदानलाई हामीले उत्पादनशील कार्यमा लगाउन सक्तैनौं । शिक्षा विहीन श्रमशक्ति भन्नु नै श्रमको दुरूपयोग, श्रमको नोक्सान हो । फलत: पूरै श्रम खेर जान्छ । यसले राष्ट्रको चौतर्फी विकासका ठूलो वाधा अड्चन ल्याउँछ ।

नेपाल, अरू विकासोन्मुख देशहरूका तुलनामा शिक्षा क्षेत्रमा निकै नै पछाडी परेको छ । देशको अधिकांश जनता अशिक्षित तथा अनपढ छन् । विद्यालय जाने उमेरका असंख्य बालबालिकाहरू आज पनि शिक्षा प्राप्त गर्ने अधिकार बाट बञ्चित छन् । त्यसकारण सन् २००० सम्ममा सम्पूर्ण बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने अठोट नेपालले गरेको छ । यस अठोटको कार्यान्वयनमा धेरै वाधाहरू छन् र ती वाधाहरूलाई हटाउने प्रयासहरू पनि भैरहेका छन् ।

## २. नेपालमा प्राथमिक शिक्षाको उद्देश्य

नेपालमा प्राथमिक शिक्षाको उद्देश्य विभिन्न समयमा विभिन्नै किसिमबाट उल्लेख भएता पनि यसको मुख्य तात्पर्य देशका बालबालिकाहरूमा ज्ञानको ज्योति जगाउनु हो । सामान्य रूपमा भन्ने हो भने बालबालिकाहरूको मानसिक र शारीरिक स्वास्थ्यको विकास गराउनु हो । यही मूल मन्त्रका आधारमा प्राथमिक शिक्षाका उद्देश्यहरूलाई स्पष्ट र विशिष्ट रूपमा व्याख्या गरिएको छ ।

नेपालमा प्रजातन्त्रको उदयपछि मात्र प्राथमिक शिक्षाको उद्देश्य स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ । सन् १९५४ मा गठित शिक्षा योजना आयोगले प्रथम पटक प्राथमिक शिक्षाको उद्देश्य स्पष्ट र विशिष्ट रूपमा प्रकाशित गरेको पाइन्छ । वर्तमान प्राथमिक शिक्षाको उद्देश्य पनि समय समयमा भएको परिवर्तनको प्रतिफल हो । वि. सं. २०१८ सालमा गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति र राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले पनि प्राथमिक शिक्षाको उद्देश्य हेरफेर गरी प्रकाशित गरेको पाइन्छ । हाल प्राथमिक शिक्षाको उद्देश्य निम्न बमोजिम छ:

१. जिज्ञासा उत्प्रेरित गरी खोजी गर्ने बानी बसाल्ने ।

२. कला, सौन्दर्य र संस्कृतिको अभिरूची जगाउने ।
३. मौखिक तथा लिखित रूपमा विचारको आदान प्रदान गर्ने क्षमताको विकास गर्ने ।
४. दैनिक जीवनका व्यावहारिक समस्याहरू हल गर्न आवश्यक गणितीय सीपको विकास गर्ने ।
५. स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी सकारात्मक प्रवृत्तिको विकास गरी स्वास्थ्य जीवन यापन गर्न सघाउ पुऱ्याउने ।
६. जीवन र वातावरण बीचको अन्तरसम्बन्धको बोध गराउने ।
७. सामाजिक मूल्य र मान्यता प्रति आस्था जगाइ सहयोगात्मक तथा जिम्मेवारी पूर्ण आचरणको विकास गर्ने ।
८. प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप आचरणको विकास गर्ने ।
९. राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताको विकासको लागि स्वाभिमानी तथा अनुशासित नागरिक बन्न सघाउ पुऱ्याउने ।

यी उद्देश्यहरू परिपूर्तिका लागि प्राथमिक तहमा विभिन्न विषयहरूको अध्यापन हुन्छ । विभिन्न विषयहरूको भार पनि आवश्यकता अनुसार विभिन्न तरीकाबाट दिइएको हुन्छ ।

## ३. नेपालमा प्राथमिक शिक्षाको विकास

वर्तमान प्राथमिक शिक्षा प्रणाली सन् १९५४ मा गठित राष्ट्रिय शिक्षा योजना आयोगको रिपोर्टको आधारमा सञ्चालित छ तापनि यसको इतिहास प्राचीनकालदेखि नै शुरू हुन्छ । सन् १९५४ भन्दा अगाडी नेपालमा ६ किसिमका प्राथमिक विद्यालय सञ्चालित थिए, ती हुन्:

१. अंग्रेजी प्रणाली
२. आधार शिक्षा प्रणाली
३. संस्कृत शिक्षा प्रणाली
४. गोम्पा शिक्षा प्रणाली
५. मदारसा शिक्षा प्रणाली
६. भाषा पाठशाला

यी विद्यालयहरूमा पढाइने विषयहरू भिन्ना भिन्नै किसिमका थिए र उद्देश्यहरूमा पनि एकरूपता थिएन । सन् १९५४ को शिक्षा सम्बन्धी आयोगले गरेको रिफारिश अनुसार यी सबै किसिमको विद्यालयहरूमा एकै किसिमको पाठ्यक्रम लागू गरियो र प्राथमिक शिक्षाको उद्देश्यमा पनि एकरूपता आयो ।

नेपालमा प्रजातन्त्रको उदयपछि प्राथमिक शिक्षामा तीव्ररूपले प्रगति भएतापनि अन्य देशहरूका तुलनामा नेपाल शिक्षा क्षेत्रमा निकै पिछडिएको छ । जनसंख्याको ठूलो अनुपात अझैपनि निरक्षर छ । त्यसैले श्री ५ को सरकारले सन् २००० सम्ममा विद्यालय जाने सबै किसिमका बालबालिकाहरूलाई शिक्षित तुल्याउने अठोट गरेको छ । यी उद्देश्य परिपूर्तिका लागि विभिन्न क्षेत्रबाट विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालित छन् ।

नेपालमा अहिले प्राथमिक कक्षामा अध्ययन गर्ने उमेरका ६८ प्रतिशत बालबालिका मात्र भर्ना हुने गरेकोमा सन् २००० सम्ममा शतप्रतिशत पुऱ्याउने र त्यसमा पनि अहिले ३१ प्रतिशत बालिकाहरू मात्र भर्ना हुने गरेकोमा त्यसलाई पनि शतप्रतिशतमा पुऱ्याउने लक्ष्य राखिएको छ ।

<u>नेपालमा प्राथमिक शिक्षाको विकासको झलक तलको चार्टबाट दिन सकिन्छ:</u>

| | २००७ | २०२७ | २०३२ | २०३७ | २०४२ | २०४७ | २०५३ |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | ३२१ | ७२५६ | ८३१४ | १०१३० | ११८७३ | १७८४२ | २२२१८ |
| शिक्षक | ८५०५ | - | १८८७४ | २०८७५ | ५१२६६ | ७१२१३ | ८९३७८ |
| विद्यार्थी | - | ४४९१४१ | ४५८५१६ | १०६७९१३ | १८१२०९३ | २७८८६४४ | ३४४७६०७ |
| छात्रा % | - | - | १८.३ | २८ | २९.४ | ३६ | ४०.६ |
| भर्ना % कूल जम्मा | ०.९ | ३२ | ४३.२ | ९०.४ | ७७ | १०७ | ११७.२ |
| भर्ना % कूल छात्रा | - | - | १६.५ | - | ४७ | ८१ | ९८.६ |
| भर्ना % खास जम्मा | - | - | - | - | ५७ | ७९.६ | ६९.४ |
| भर्ना % खास छात्रा | - | - | - | - | - | ६०.५ | ५८.७ |

## ४. प्राथमिक शिक्षाका समस्याहरू

प्राथमिक शिक्षाको विकास र विस्तारमा प्रशस्त मात्रामा बाधा र अड्चनहरू छन् । यी बाधा र अड्चनहरूलाई हटाउन विभिन्न किसिमका प्रयासहरू पनि भएको पाइन्छ । मोटामोटी रूपमा ती बाधाहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ:

### १. अभिभावकहरूको शिक्षाप्रति धारणा:

प्राथमिक शिक्षाको विस्तार विकासमा एउटा ठुलो बाधाको रूपमा अभिभावकहरूको शिक्षा प्रतिको धारणा रहेको छ । अधिकांश अभिभावकहरू अशिक्षित तथा अनपढ भएको हुनाले शिक्षाको मूल्य तथा महत्वलाई महसूस गर्दैनन् । त्यसकारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन रूचि लिँदैनन् । त्यसकारण आफ्ना छोराछोरीलाई घर अथवा खेतीमा काम गराएर पाइने फाइदालाई महसूस गरी शिक्षाबाट भविष्यमा पाइने फाइदाको वास्ता गर्दैनन् ।

### २. भौतिक सुविधा:

प्राथमिक विद्यालय सञ्चालनको लागि नभै नहुने आधारभूत आवश्यकताको समेत कमी भएको पाइन्छ । अधिकांश ग्रामीण इलाकाका प्राथमिक विद्यालयहरूको भौतिक सुविधा ज्यादै नै दयनीय अवस्थामा छ ।

३. **शिक्षण पेशा:**

शिक्षण पेशालाई समाजमा जुन रूपले महत्व दिनु पर्ने हो त्यति मात्रामा नदिएको हुँदा योग्य व्यक्तिलाई शिक्षण पेशामा लिन सकिएको छेन ।

४. **विद्यालय बीचैमा छोड्ने:**

प्राथमिक शिक्षाको विकासमा एउटा ठूलो वाधाको रूपमा रहेको समस्या पढ्दा पढ्दै बीचैमा विद्यालय छाड्नु हो । यसले गर्दा देशले शिक्षामा गरेको लगानी खेर जानुका साथै अरू कैयौं किसिमका वेफाइदाहरू हुन्छन् । यो समस्या खास गरीकन महिला विद्यार्थी तथा सुविधाविहीन वालबालिकाहरूमा पाइन्छ ।

५. **शिक्षक समस्या:**

देशको विभिन्न ठाउँमा योग्य तालीम प्राप्त शिक्षकको अभाव रहेको हुनाले शिक्षण सिकाइ कार्यमा प्रभावकारिता आउन नसक्नु पनि एक समस्याको रूपमा रहेको छ ।

६. **शैक्षिक सामग्रीको अभाव:**

शैक्षिक सामग्रीको अभावमा शिक्षण सिकाइ कार्यक्रम प्रभावकारी रूपले सञ्चालन हुन सक्तैन । नेपालका विद्यालयहरूमा आधारभुत शैक्षिक सामग्रीको समेत अभाव देखिन्छ ।

७. **महिला शिक्षा प्रति समाजमा नकारात्मक धारणा:**

अधिकांश जनता अशिक्षित भएकाले महिला शिक्षा प्रतिको नकारात्मक धारणाले गर्दा प्राथमिक शिक्षाको विकासमा अड्चन रहेको छ ।

८. **प्रभावकारी सुपरीवेक्षणको अभाव:**

## ५. प्राथमिक शिक्षाको विकासमा गरिएका प्रयासहरू

नेपालमा प्राथमिक शिक्षालाई व्यापक र सुलभ बनाउन विभिन्न प्रयासहरू गरिएका छन् । सन् २००० सम्ममा नेपालका सबै किसिमका बालबालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउने उद्देश्यले खास रूपमा निम्न लिखित महत्वपूर्ण प्रयासहरू भएका छन्:

१. **आधारभूत तथा प्राथमिक शिक्षा परियोजना:**

प्राथमिक शिक्षालाई गुणात्मक तथा संख्यात्मक रूपमा विकास गर्न श्री ५ को सरकारले एउटा छुट्टै निकाय परियोजनाको रूपमा स्थापना गरेको छ । यसको मुख्य उद्देश्य देशमा प्राथमिक शिक्षालाई व्यापक बनाउनुका साथै सन् २००० सम्ममा सबैलाई प्राथमिक शिक्षा उपलब्ध गराउनु हो ।

२. **निःशुल्क पाठ्यपुस्तक वितरणः**

गरीबीको कारणले पाठ्यपुस्तक किन्न नसकी विद्यार्थीहरू विद्यालयमा अध्ययन गर्न नआउलान् भनेर श्री ५ को सरकारले देशभरीका प्राथमिक कक्षामा पढ्ने बालबालिकाहरूको लागि पाठ्यपुस्तक निःशुल्क वितरण गरेको छ ।

३. **शिक्षकहरूलाई तालीमः**

प्राथमिक शिक्षामा गुणात्मक वृद्धि ल्याउन शिक्षकहरूलाई तालीम दिने व्यवस्था गरेको छ । महिलाहरूको भर्ना प्रतिशतमा वृद्धि होस् भन्ने दृष्टिकोणले महिला शिक्षिकाहरूलाई तालीम दिने व्यवस्था पनि गरेको छ ।

४. **छात्रा तथा सुविधाविहीन बालबालिकाहरूको लागि छात्रवृत्तिको व्यवस्था ।**

५. **निजी रूपमा पनि विद्यालयहरू खोल्न पाउने व्यवस्थाले गर्दा देशमा प्रशस्त मात्रामा विद्यालयहरूको भर्ना संख्या बढ्ने गरेका छन् ।**

६. **गैह्र सरकारी संस्थाहरूबाट पनि प्राथमिक शिक्षाको विकासका लागि कार्यक्रमको सञ्चालन भएको छ ।**

७. **विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था तथा मित्रराष्ट्रहरूबाट देशमा प्राथमिक शिक्षाको विकासको लागि आर्थिक भौतिक सहयोग आदि प्राप्त भएका छन् ।**

## ६. प्राथमिक शिक्षाको प्रशासन र नियन्त्रण

श्री ५ को सरकारले नेपालमा प्राथमिक शिक्षाको विस्तार विकासको लागि विभिन्न निकायहरू गठन गरेका छ । यी निकायहरू मार्फत नै प्राथमिक शिक्षाको प्रशासन र नियन्त्रण गरिन्छ । ती निकायहरू शिक्षा मन्त्रालय देखि स्थानीय तहमा विद्यालय व्यवस्थापन समिति समेत रहेको छ । क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति आदि निकायहरू प्राथमिक शिक्षाको विस्तारमा प्रत्यक्ष रूपमा संलग्न छन् ।

यी विभिन्न निकायहरूको काम, कर्तव्य, अधिकार र गठन प्रक्रिया शिक्षा नियमावली, २०४९ मा उल्लेख गरिएको छ । शिक्षक तथा विद्यार्थीको आचार संहिता पनि त्यसमा उल्लेख गरिएको छ ।

## ७. नेपालमा प्राथमिक शिक्षक तालीमको विकास

प्राथमिक शिक्षामा गुणात्मक विकास गर्न शिक्षकको भूमिका ज्यादै नै महत्वपूर्ण हुन्छ भन्ने कुरामा दुइमत हुन सक्दैन । त्यसकारण शिक्षक योग्य तथा तालीम प्राप्त हुनुपर्दछ । तालीमले उनीहरूलाई शिक्षण सिकाइ कार्यमा प्रभावकारिता ल्याउन मद्दत पुर्‍याउँदछ ।

नेपालले प्राथमिक शिक्षक तालीमको आवश्यकतालाई महसुस गरी सन् १९५० को दशकतिर तालीम दिने कार्य सुरू भएको हो । साँच्ची भन्ने हो भने नेपालमा प्राथमिक शिक्षाको विस्तार र प्राथमिक शिक्षकको तालीम साथसाथै भएको भन्न सकिन्छ । वि. सं. २०१४ सालमा कलेज अफ एजुकेशनले नर्मल स्कूलको नाममा देशका विभिन्न ठाउँमा तालीम केन्द्र खोली तालीम सञ्चालन गरेको थियो । त्यस समय प्राथमिक शिक्षक तालीम सम्बन्धी नीति स्पष्ट थियो । श्री ५ को सरकार, शिक्षा मन्त्रालयलाई तालीमसम्बन्धी योजना तथा कार्यान्वयन गर्ने जिम्मेवारी दिएको थियो । तालीम प्राप्त शिक्षकहरूलाई नै ग्राह्यता दिइन्थ्यो । राष्ट्रिय शिक्षा पद्धतिको योजना देशमा लागु भैसकेपछि प्राथमिक शिक्षक तालीम सम्बन्धी नीति र नियम अझ स्पष्ट र विशिष्ट रूपमा आए । तालीम दिने सम्पूर्ण कार्य शिक्षा शास्त्र अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयलाई सुम्पियो र तालीम अवधि एक वर्ष नै कायम राखियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई कार्यान्वयन गर्ने क्रममा शिक्षकहरूलाई तालीम दिनको लागि नयाँ भर्ना भएका २५ प्रतिशत पूर्वसेवाकालीन शिक्षकलाई छात्रवृत्तिको व्यवस्था गरियो एक वर्ष तालीममा आएका सम्पूर्ण सेवाकालीन शिक्षकहरूलाई पनि छात्रवृत्ति प्रदान गरिन्थ्यो ।

तालीममा आउने शिक्षकहरू दुई किसिमका हुन्थे : सेवाकालीन र पूर्व सेवाकालीन । दुवै किसिमका शिक्षकहरूलाई तालीम अवधि एक वर्ष र तालीमका विषयहरू पनि एकै किसिमका थिए ।

देशमा गुणात्मक शिक्षाका लागि तालीम प्राप्त शिक्षकको ठूलो आवश्यकता हुँदा हुँदै पनि र प्राथमिक शिक्षक तालीम सम्बन्धी तालीम पाएका र साथै सम्बन्धित क्षेत्रमा डिग्री समेत भएका विशेषज्ञहरू शिक्षा शास्त्र संकायमा उपलब्ध भएतापनि नेपालमा तालीम प्राप्त शिक्षकको आपूर्तिमा निकै ठूलो असर पर्न गएको छ । यसो हुनुका मुख्य कारणहरू निम्न बमोजिम छन् :

१. २०३६ सालपछि तालीमलाई अनिवार्य नगर्नु ।
२. शिक्षा मन्त्रालयले प्राथमिक शिक्षक तालीमलाई परियोजनाको रूपमा सञ्चालन गर्नु ।
३. शिक्षा शास्त्र संकायले प्राथमिक शिक्षक तालीमलाई आफै कहाँ राख्न ध्यान नदिनु ।
४. त्रि. वि. ले प्राथमिक शिक्षक तालीमलाई तल्लो प्राथमिकता दिनु ।

यी माथि उल्लेखित कारणहरूले गर्दा प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम शिक्षा शास्त्र संकायबाट अलग्गिन गएको हो ।

आज प्राथमिक शिक्षक तालीम कार्यक्रम शिक्षा मन्त्रालय अन्तर्गत रहेको शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत देशको विभिन्न ठाउँमा प्राथमिक शिक्षक तालीम केन्द्रहरूको स्थापना गरी सञ्चालन गरिन्छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाबाट प्राथमिक शिक्षा सम्बन्धी सम्पूर्ण कार्य हुन्छ । दूर शिक्षा केन्द्रले पनि यसमा मद्दत पुऱ्याएको छ ।

देशको शिक्षक तालीम कार्यक्रममा समन्वय तथा योजना गर्न श्री ५ को सरकारले तालीम व्यवस्थापन तथा समन्वय समिति पनि गठन गरेको छ ।

## ८. समुदाय विकासको अर्थ र महत्व

समय : ५ घण्टा

**परिचय:**

समदाय विकासको परिभाषा निम्नलिखित तीनवटा पक्षहरूबाट दिन सकिन्छ:

१. विकास कार्यक्रमको प्रतिफल देशका सबै भागमा खास गरेर ग्रामीण जनतामा पुऱ्याउनु पर्दछ। नेपालको जनसंख्याको ९० प्रतिशत भन्दा बढी मानिसहरू ग्रामीण समुदायमा रहन्छन्। विकासलाई जनमुखी र आवश्यकता अनुरूप बनाउने हाम्रा सिद्धान्तहरू नेपालको ग्रामीण समुदायको परिप्रेक्ष्यमा विकसित हुनु नितान्त आवश्यक छ। अत: कुनै पनि तहमा विकास कार्यक्रमको तर्जुमा गर्दा देशमा रहेका बहुसंख्यक जनतालाई ध्यानमा राखेर गर्नुपर्दछ।

२. समुदाय विकासको दोस्रो पक्षीय परिभाषा हो- देशका सम्पूर्ण जनतालाई विकास कार्यमा संलग्न गराउनु। कुनै पनि समुदायमा विकास कार्यहरू चाहे त्यो शिक्षा सम्बन्धी होस् अथवा कृषि सम्बन्धी अथवा स्वास्थ्य सम्बन्धी हरेका कार्यमा स्थानीय समुदायलाई नै बढी मात्रामा संलग्न गराएमा त्यसको प्रतिफल मेहनत अनुसारको प्रत्यक्ष रूपमा समुदायले नै महसुस गर्दछ। यसबाट उनीहरूमा सन्तोषको भावना उत्पन्न हुन्छ र आफ्नो समाजको भलाइको लागि आफैले मेहनत गर्नु पर्दछ भन्ने किसिमको भावनाको जागृत हुन्छ। उनीहरू भविष्यमा नीति निर्माणकर्ता तथा योजनाकारहरूले विकास सम्बन्धी सीप, स्रोत तथा विचार जनतालाई उपलब्ध गराउनु पर्दछ।

३. समुदाय विकासको तेस्रो पक्षीय परिभाषा हो- विकासको प्रक्रिया तथा गतिलाई अघि बढाउन विभिन्न संघ संस्थाहरू स्थापना गर्नु। यी संघ संस्थाहरू मार्फत् समुदायमा रहेका अनेक किसिमका स्रोतहरूको परिचालन गर्न सकिन्छ। यी संघ संस्थाहरूले समुदाय विकास कार्यमा निरन्तरता प्रदान गर्न मद्दत दिन्छन् भने अमर्कोतिर सामुहिक रूपमा कार्य गर्न जोड दिन्छन्।

समुदायको विकास भन्नु नै देशको विकास हो। देशको विकास भन्नु समुदायको विकास हो। राष्ट्र र समुदाय एक सिक्काका दुइ पाटा हुन्। समुदायको विकास बिना राष्ट्रको विकास हुन सक्दैन।

नेपालको अर्थतन्त्रको मेरूदण्ड नै कृषि हो। ग्रामीण समुदायको विकास कृषिको विकास सित घनिष्ट सम्बन्ध राख्दछ। बहुसंख्यक जनताको आधार नै कृषि भएकोले यसको विकासमा जोड दिनु अति आवश्यक छ। कृषि क्षेत्रमा परम्परागत आधुनिक ढङ्गको परिपाटी अपनाउन ग्रामीण समुदायको मानिसलाई प्रोत्साहन गर्नु नितान्त आवश्यक छ। यसले उत्पादकत्व बढाउनुको साथै व्यक्तिगत समुदाय तथा राष्ट्रको नै आर्थिक स्तर अगाडि बढाउन मद्दत मिल्दछ।

ग्रामीण समुदायको विकासमा बढी धयान पुऱ्याउन पर्ने अर्को कारण पनि हो नेपालको सम्पूर्ण जनसंख्याको ९० प्रतिशत भन्दा बढी गाउँ मा नै रहन्छन्। यसकारण नेपालमा कुनै पनि विकासको कार्यक्रमलाई गाउँमुखी बनाउन अति जरूरी हुन्छ।

आजकल ग्रामीण क्षेत्रबाट शहरी क्षेमा बसाइँ सर्ने कार्य अति तीव्ररूपले भैरहेको छ। यसले देशको अर्थतन्त्र तथा वातावरणमा नारात्मक असर पार्न सक्छ। यसो हुनुको मुख्य कारण ग्रामीण समुदायमा रहेको स्रोतहरूको उचित तरीकाबाट परिचालन हुन नसक्नु हो। यदि ग्रामीण क्षेत्रमा रहेको विभिन्न स्रोतहरूलाई

उचित रूपबाट परिचालन गर्न सकेमा रोजगारीको अवसर आफ्नै ठाउँमा पाउने हुनाले ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँ सर्ने क्रम रोकिन जान्छ र देशको विकासमा टेवा पुग्दछ ।

ग्रामीण समुदायको विकासमा जोड दिनुको अर्को उद्देश्य हो राष्ट्रिय विकासको मुख्य धारामा ग्रामीण समुदायलाई ल्याउनु ।

## ९. ग्रामीण समुदायको विशेषताहरू

समुदायको विकास कार्यमा संलग्न हुने व्यक्तिले त्यसको विशेषताहरू बारे ज्ञान राख्नु अति जरूरी हुन्छ । नेपालमा विभिन्न समुदायको आ-आफ्नै किसिमको विशेषताहरू छन् तापनि खास गरेर ३ किसिमका विशेषताहरू समुदायमा समान रूपमा पाइन्छन् ती हुन्: आर्थिक विशेषता, सामाजिक विशेषता र शैक्षिक अवस्था ।

जहाँसम्म आर्थिक विशेषताको प्रश्न छ नेपालको अधिकांश व्यक्तिको आर्थिक स्रोत कृषि नै हो । कृषिमा विभेदीकरण नभएको, वैज्ञानिक विधि प्रयोगको बदला परम्परागत विधिको नै वाहुल्यता भएकोले उत्पादनमा बृद्धि नहुँदा व्यक्तिको आय निकै नै कम छ । यसले गर्दा बहुसंख्यक जनता गरीबीको चपेटामा छन् । स्थानीय स्रोतहरूको उचित प्रयोग भएको छैन । ग्रामीण समाजमा बेकारी समस्या व्याप्त छ । मोटामोटी हिसाबले विश्लेषण गरी हेर्ने हो भने ग्रामीण समुदायको आर्थिक अवस्था निकै नै कमजोर छ । यसै कारणले अभिभावकहरू आफ्नो बालबच्चालाई विद्यालयमा पढाउन पठाउन सक्दैनन् ।

नेपालको ग्रामीण समाज परम्परागत रूढीबादी विचार धारामा आधारित भएको हुनाले पनि विकासको कार्यमा वाधा अड्चन आएको छ । अशिक्षित भएको कारणले ग्रामीण जनता कार्य भन्दा बढी विश्वास भाग्यमा राख्दछन् । महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा लिन्छन् । जातपातको धारणा, महिला तथा सुविधाविहीन समूहप्रति असामान्य व्यवहार आदिले गर्दा पनि समुदाय विकास गति तीव्र हुन पाएको छैन ।

शिक्षा नै यस्तो माध्यम हो जसको मद्दतले ग्रामीण समुदायमा रहेको नकारात्मक असरहरू जस्तै: परम्परागत रूढीबादी विचारधारा, गरीबी आदि हटाउन सहायता पुग्दछ । तर ग्रामीण क्षेत्रहरूमा शैक्षिक अवस्था ज्यादै नाजुक छ । मानिसहरूमा शिक्षा प्रति रूचि तथा जागरूकता पाइदैन । विद्यालय जाने मौका भएतापनि जाँदैनन् । बहुसंख्यक जनता अनपढ तथा अशिक्षित छन् । समुदायमा विकासको गतिलाई तीव्र पार्न मानविय पक्षमा सकारात्मक परिवर्तन र वातावरणमा गतिशिलता हुनुपर्दछ । यस्ता परिवर्तन र गतिशिलता मान्छेको सोचाई, मान्यता आदर्श र अभिवृत्ति जस्तां कुराहरूमा भर पर्दछ । जवसम्म यी कुराहरूमा परिवर्तन आउँदैन तवसम्म विकासको क्रममा पाइला अघि सर्दैनन् । उचित शिक्षाले नै मानिसमा संकुचित विचारधारालाई फराकिलो पार्ने भएकोले यसको भूमिका अति गहन छ ।

नेपालको ग्रामीण क्षेत्रहरूमा रहेका विद्यालयहरूको आन्तरिक अवस्था निकै कमजोर छ । एउटा प्राथमिक विद्यालय सञ्चालन गर्न आवश्यक पर्ने आधारभूत आवश्यकताहरू समेत अधिकांश विद्यालयहरूमा नभएको हुँदा शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुन सकेको छैन । पठन पाठन प्रक्रिया संवृद्ध गर्न सकेमा निश्चय पनि शिक्षा पद्धतिको गुणस्तर वृद्धि भई बालबालिकाहरूलाई विद्यालयले आकर्षित मात्र नगरी उनीहरूलाई सबल नागरिक बनाउन समेत मद्दत गर्छ, जुन विकास कार्यको आधारशिला हो ।

उपरोक्त ग्रामीण समुदायको विशेषताहरूलाई ध्यानमा राखी समुदाय विकास कार्यमा संलग्न शिक्षकले आफ्नो कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन आउँछ ।

## १०. समुदाय विकासका पक्षहरू

समुदाय विकासका क्षेत्रहरू अनगिन्ती छन् तापनि मोटामोटी हिसाबले आर्थिक, सामाजिक तथा शैक्षिक पक्षका केही क्षेत्रहरूको यहाँ चर्चा गरिन्छ ।

आर्थिक पक्ष अन्तर्गत कृषि उत्पादन बढाउनु अति जरुरी छ । कृषिमा आश्रित हाम्रो जस्तो अर्थतन्त्रलाई मजबुत पार्न उत्पादनमा बृद्धि ल्याउनु बाहेक अरू उपाय छैन । उत्पादन बृद्धिको खातिर उन्नत कृषि पद्धतिका साधन एवं माध्यमहरू स्थानीय जनजीवनमा वितरण गरिनु पर्दछ । उन्नत कृषि भनेको के हो ? यसका फाइदाहरू के के छन् ? यसमा जान्नु पर्ने कुराहरू के के छन् ? आदि बुँदाहरूमा ग्रामीण समुदायलाई जानकारी दिनु एवं गर्न लगाउनु ज्यादै महत्वपूर्ण कुरा देखिन्छ ।

ग्रामीण जनताको आयस्रोत तथा स्तरलाई बढाउनु आर्थिक विकासको अर्को पक्ष हो । ग्रामीण जनतालाई कृषि बाहेक अरू आयका स्रोतहरू पहिल्याउन मद्दत गर्नु अति आवश्यक देखिन्छ । घरेलु स-साना उद्योग, जस्तैः कुखुरा पालन, बंगुर पालन आदि जस्ता स-साना पूँजी धेरै नपर्ने खालको कार्य गर्न गराउन प्रोत्साहन दिनुपर्दछ । यसले गरीब जनताको आयको स्तर बढाउनुको साथै समुदाय तथा देशको नै आर्थिक विकासमा मद्दत पुऱ्याउँदछ।

हाम्रो ग्रामीण समुदायमा बाली विविधीकरणको प्रथा निकै नै कम देखिन्छ । धेरैजसो समुदायले परम्परागत रूपमा चलिआएको कृषि पद्धतिलाई नै अपनाएकाले जमीनको उर्वरा शक्तिलाई नै उचित रूपमा प्रयोग गर्न सकिएको छैन । बाली विविधीकरणमा पनि विभिन्न प्रविधि अपनाउन लगाई कृषिबाट प्रशस्त आम्दानी बढाउन सकिन्छ।

आर्थिक विकासको अर्को पक्ष हो समुदायमा नै रोजगारीको अवसर सृजना गर्नु । यसको लागि विभिन्न किसिमको स्रोतहरूलाई परिचालन गर्नु पर्दछ । मानव स्रोत, भौतिक स्रोत, आर्थिक स्रोत आदि सबैलाई उचित रूपमा परिचालन गरेमा रोजगारीको अवसर सृजना भई समुदाय तथा व्यक्तिको आयस्तर बढ्न जान्छ ।

ग्रामीण समुदायको विकास गर्नु पर्ने अर्को महत्वपूर्ण पक्ष हो शिक्षा क्षेत्र । विकास मानवीय समस्या भएको कारण पहिलो अवस्थामा नै मानवीय पक्षमै सुधारात्मक कदमहरू चालिनु उचित देखिन्छ । जब मानिसका दृष्टि र सोचाईका भागहरू विवेकशील हुन्छन्, स्वतः विकासको अनुभव हुन थाल्छ । यसको लागि शिक्षा नै सबभन्दा ठूलो हतियार हो । शिक्षाबाट नै मानवको सोचाई, विवेक, दृष्टि आदिमा परिवर्तन आउँदछ । अतः विद्यालयमा विद्यार्थी भर्ना दर बढाउन विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । यसबाट समुदायले शिक्षाका महत्व बुझ्ने छ र विकासको पाइला अघि बढ्नेछ ।

हाम्रो समाजमा महिलालाई हेयको दृष्टिले हेर्ने गरिन्छ । जीवनरूपी जहाजलाई खियाउन पुरुष जत्तिकै महिलाको पनि भूमिका रहन्छ भन्ने भावना जगाउन अति आवश्यक परेको छ । पुरुष मात्र शिक्षित भएर महिलाहरूलाई शिक्षित बनाउने तर्फ प्रयास नगरिएमा विकासको क्रम अगाडि बढ्न सक्तैन । विकासको क्रम अगाडि बढाउन दुवै समूहको बराबर भूमिका रहन्छ । अतः ग्रामीण समुदायमा महिला प्रति भएको नकारात्मक प्रवृत्तिलाई हटाउन स्त्री शिक्षामा बढी जोड दिनु आवश्यक छ । महिलालाई पनि पुरुष सरह बराबरी रूपमा शिक्षा प्राप्त गर्ने समान अधिकार छ ।

शिक्षा क्षेत्रममा विकास गर्नुपर्ने अर्को पक्ष हो पढ्दा पढ्दै विद्यालय छोड्ने विद्यार्थीहरूको संख्यामा कटौती गर्नु । नेपालको शैक्षिक तथ्याङ्कको आधारमा विद्यालयमा यसरी पढ्दा पढ्दै बीचैमा पढाई छाड्ने (Dropouts) विद्यार्थीहरूको संख्या निकै बढी छ । यसबाट एकातिर राष्ट्रले उनीहरूमाथी गरेको लगानी

खेर गएको छ भने अर्कोतर्फ असल तथा सीपयुक्त नागरिक उत्पादन गर्न पनि बाधा परेको छ । यसले गर्दा देशको विकासको गतिमा अवरूद्धता ल्याएको छ भने व्यक्तिले पनि आफ्नो व्यक्तित्वको विकास गर्न पाएका छैनन् । अत: विद्यार्थीहरूको Dropouts को दर घटाउने तर्फ उचित कदम चाल्नु आवश्यक छ ।

शिक्षा क्षेत्रममा विकास गर्नु पर्ने अर्को पक्ष हो साक्षरता अभियान । अनपढ र निरक्षर व्यक्तिको समूहमा विकासको गति कुनै हालतमा पनि अगाडि बढाउन सकिँदैन । त्यसकारण शिक्षाविहीन केटाकेटी एवं प्रौढहरूका निम्ति उनीहरूलाई मिल्ने समयमा साक्षरता कक्षाहरू खोलेर पढ्नका लागि उत्साहित गर्न सकिन्छ । देशले सञ्चालन गरेको साक्षरता अभियानमा समुदाय विकास कार्यमा संलग्न व्यक्तिले उत्साह पूर्वक भाग लिनु पर्दछ ।

नेपालको ग्रामीण समुदायमा विद्यमान एउटा अर्को नकारात्मक पक्ष छ सामाजिक कुरीति तथा सामाजिक विकृतिको । यसले व्यक्तिको विकासको बाटोमा मात्र तगारो हाल्ने होइन कि सम्पूर्ण समाजलाई नराम्रो बाटोतिर डोर्‍याउँछ । रूढीबादी विचारधारा, जातिपाति भेदभावमा विश्वास, जुवा खेल्नु, नशालु पदार्थको सेवन गर्नु आदिजस्ता सामाजिक विकृतिहरू हटाउन अति आवश्यक छ । उचित शिक्षाको माध्यमले मात्र यस्ता किसिमका सामाजिक विकृतिहरू पन्छाउन मद्दत मिल्दछ ।

## ११. समुदाय विकासको लागि सेवाको उपलब्धता र त्यसको प्रयोग

हाम्रो ग्रामीण समुदाय अशिक्षित भएकोले विकासको लागि कार्यरत संघ संस्थाहरूबाट फाइदा लिन सकिएको छैन । श्री ५ को सरकार तथा अन्य कैयौं गैह्र सरकारी संघ - संस्थाहरू कृषि, स्वास्थ्य, शिक्षा आदि अनेक क्षेत्रहरूको विकास गर्ने हेतुले स्थापना भएका छन् । यस्ता विभिन्न प्रयासद्वारा संघ - संस्थाहरूलाई उचित प्रयोगमा ल्याउन सक्नुपर्दछ । अत: देशका हरेक नागरिकले आफ्नो समुदायमा यस्ता के कस्ता किसिमका संघ - संस्थाहरू कार्यरत छन् थाहा पाउनु पर्दछ र आफ्नो समस्या अनुरूप ती संघ संस्थाहरू कार्यरत छन् छैनन विश्लेषण गर्न सक्नुपर्दछ ।

समुदायले विकासको लागि सेवाहरूको उपलब्ध गराउने क्रममा सर्वप्रथम समुदायको आवश्यकताको मूल्याङ्कन गर्नु अति जरुरी हुन्छ । यसले समुदायलाई कुन कुराको आवश्यक छ र कुन कुराको छैन भन्ने कुरा पहिल्याउन सक्दछ र सोही अनुसार कार्यक्रमहरू सञ्चालन गर्न मद्दत मिल्दछ । त्यसको लागि एउटा सानो Baseline Survey गर्नु अति उत्तम हुन्छ । समुदायको आवश्यकता तथा ज्ञानलाई चार किसिममा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यसका लागि Johari Window नामक Diagram प्रयोगमा ल्याउन सकिन्छ जुन निम्न बमोजिम छ ।

**<u>जोहारी विन्डो</u>**

| अरूलाई थाहा भएको | अरूलाई थाहा नभएको |
|---|---|
| १<br>आफू तथा अरू दुवैलाई थाहा भएको | २<br>आफूलाई थाहा भएको तर अरूलाई थाहा नभएको |
| ३<br>अरूलाई थाहा भएको तर आफूलाई थाहा नभएको | ४<br>कसैलाई पनि थाहा नभएको |

१. यस खण्डमा साधारण ज्ञान पर्दछ जस्तै: गाउँको नाम, जनताको पेशा, उपलब्ध भएको सेवाहरू, उत्पादन हुने अन्न आदि ।
२. यस खण्डमा आफूलाई थाहा भएको तर अरूलाई थाहा नभएको कुरा पर्दछ । अर्थात् समुदायको मानिसले थाहा नपाएको । यस खण्डबाट समुदायको आवश्यकता पत्ता लगाउन सकिन्छ ।
३. यस खण्डमा समुदायलाई थाहा भएको तर आफूलाई थाहा नभएको कुरा पर्न आउँछ । समुदायको मानिससँग कुराकानीद्वारा मात्र आफूले थाहा पाउन सकिन्छ । यसैबाट समुदायले महसुस गरेको आवश्यकता पत्ता लगाउन सकिन्छ ।
४. यस खण्डमा त्यस्तो ज्ञान पर्दछ जुन दुवैलाई थाहा हुँदैन र यस सम्वन्धी आवश्यकताको महसुस सँगसँगै काम गरेर र अनुभवबाट मात्र प्राप्त हुन्छ ।

यस्तो किसिमको सर्भेबाट समुदायलाई कस्तो किसिमको सेवा उपलब्ध छ र कस्तो किसिमको छैन भन्ने कुराको ज्ञान हुन्छ । समुदायको आवश्यकता के हो त्यो पनि पत्ता लगाउन सकिन्छ र सोही अनुरूप विभिन्न विकासका सेवाहरू उपलब्ध गराउने कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

## १२. समुदाय विकासमा प्राथमिक शिक्षकको भूमिका

गाउँ नै गाउँले भरिएको नेपाल जस्तो विकासोन्मुख देशमा एक प्राथमिक शिक्षकको भूमिका ज्यादै नै महत्वपूर्ण हुन्छ । नेपालको धेरैजसो ग्रामीण इलाकामा शिक्षा प्राप्त गरेका व्यक्ति शिक्षकहरू नै हुन्छन् । कैयौं यस्ता गाउँहरू पनि छन् जहाँ प्राथमिक शिक्षक बाहेक अरू शिक्षित तथा तालीम प्राप्त कोही हुँदैनन् । यसले गर्दा पनि गाउँले समाजलाई विकासमा अवधारणा प्रदान गर्ने मुख्य व्यक्तिको रूपमा एक प्राथमिक शिक्षकलाई लिन सकिन्छ ।

एक प्राथमिक शिक्षकको कार्य विद्यालयको पठन-पाठन कार्यमा मात्र सीमित नभएर आफू रहेको सम्पूर्ण समुदायको विकास तिर पनि उन्मुख हुनुपर्दछ । जबसम्म शिक्षकको दृष्टिकोण र कार्यकलापमा हामी परिवर्तन ल्याउन असमर्थ हुन्छौं तवसम्म शिक्षाको माध्यमबाट समुदाय विकास गर्ने हाम्रो आकांक्षा अधुरो नै रहने हुन्छ । यसैले पनि समुदाय विकासका निम्ति हामीले शिक्षकको शिक्षा दीक्षा तथा तालीममा विशेष जोड दिनु पर्दछ । पाठ्यक्रम, पाठ्यसामग्री र शैक्षिक कार्यक्रमहरूको संगठित रूपले सञ्चालन र स्थानीय विकास एवं आवश्यकता अनुसारको कार्यक्रम संचालनमा पनि शिक्षकको ज्यादै महत्वपूर्ण भूमिका रहन्छ ।

**समुदाय विकासको कार्यमा प्राथमिक शिक्षकको भूमिका:**

१. ग्रामीण समुदायलाई विकास सम्बन्धी राष्ट्रिय नीति अवगत गराउनुको साथै राष्ट्रको विकासमा स्थानीय विकासको महत्व दर्शाउन सक्षम हुने हुनुपर्दछ ।
२. समुदायमा शिक्षकलाई एक परिवर्तनको संवाहकको रूपमा लिन सकिन्छ । शिक्षकले ग्रामीण जनतामा रहेको नकारात्मक अभिवृत्ति, धारणा, भावना आदिमा परिवर्तन ल्याउन र समुदायमा विभिन्न किसिमका विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न नेतृत्व दिन सक्दछ ।
३. एक योग्य सामाजिक कार्यकर्ताको रूपमा समुदायमा आइपर्ने विभिन्न किसिमका सामाजिक समस्याहरूको समाधान गर्ने कार्यमा गाउँलेहरूलाई मद्दत दिन सक्दछ ।

४. शिक्षकलाई एक समाज-सुधारकको रूपमा लिन सकिन्छ । ग्रामीण समाजमा यस्ता कैयौं परम्परागत अन्धविश्वासमा आधारित काम कुराहरू हुन्छन् जुन कार्यलाई ऐन कानूनले वर्जित गरेको हुन्छ । तर गाउँले समाजले यी कुराहरूबारे थाहा नपाइकन पनि प्रयोगमा ल्याउँदछन् । यस्तो अवस्थामा शिक्षकको मुख्य कर्तव्य उनीहरूको गलत विचारधारालाई स्पष्ट बनाइदिने हुन्छ ।

५. देशमा सञ्चालित विभिन्न किसिमका विकासात्मक कार्यकलापहरूको संयोजकको रूपमा पनि एक शिक्षकले काम गर्नुपर्दछ । स्थानीय तहका विभिन्न किसिमका कार्यकलापहरू (जस्तै: कृषि, स्वास्थ्य, सञ्चार, यातायात आदि) विद्यालयले गर्न लगाई शिक्षकले यस्तो कार्यको नेतृत्व लिन सक्दछ ।

६. राष्ट्रलाई आधुनिकीकरण तथा विकास गर्ने क्रममा मानिसको प्रवृत्ति र दृष्टिकोणले वढीभन्दा बढी प्रभाव पार्दछ । मानव शक्तिलाई ठीक रूपमा परिचालन गर्न सकेको खण्डमा तथा विकास सम्बन्धी प्रदान गरिएका विभिन्न ज्ञान प्रक्रियालाई सुन्ने, बुझ्ने र अल्छी नमानेर त्यस्ता विकासका प्रक्रिया र सीपको प्रयोग गरिदिने जनवल भयो भने विकासको क्रम द्रुत गतिले अगाडि बढाउन सकिन्छ । यो कुरा तवमात्र सम्भव हुन्छ जव गाउँले समुदाय शिक्षित हुन्छन् । तर विद्यमान आर्थिक स्थिति, परम्परागत समाज, भौगोलिक कठिनाई आदि जस्ता कारणहरूले गर्दा गाउँले समुदायले अनौपचारिक शिक्षा आदिको कार्यक्रम शिक्षकले नै सञ्चालन गर्नुपर्दछ साथै महिला शिक्षा ग्रामीण विकासको निम्ति अपरिहार्य हो भन्ने भावनाले ग्रामीण महिलालाई प्रेरित पार्नुपर्दछ ।

७. शिक्षक, राष्ट्र तथा समुदायको मूल्य र मान्यताको रक्षकको रूपमा पनि रहनु पर्दछ ।

८. समुदायका मानिसहरूलाई विकास कार्यमा संलग्न गराएर शिक्षकले अरू विभिन्न किसिमका मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रमहरू सञ्चालन गरी समयको सदुपयोग गर्ने व्यवस्था गर्नुपर्दछ ।

९. गाउँमा विभिन्न भाषाभाषी, विभिन्न धर्मावलम्बीहरू हुन सक्दछन् । यी सबै किसिमका समूहको मध्यस्थकर्ता (Madiator) को रूपमा शिक्षकले कार्य गर्नुपर्दछ ।

मोटामोटी रूपले समुदाय विकासमा शिक्षकको भूमिका माथि उल्लेख गरे अनुसार भएतापनि अरू कैयौं कार्यहरू पनि एक शिक्षकले गर्नुपर्ने हुन्छ ।

## १३. विद्यालय समुदाय सम्बन्ध

विद्यालय समुदायको साझा सम्पति हो । यसप्रति हामी सबैको बराबरी रूपमा अधिकार र उत्तरदायीत्व छ भन्ने भावना समुदायको हरेक व्यक्तिमा विकसित हुनुपर्दछ । विद्यालय र समुदाय बीचको सम्बन्ध नङ र मासुको जस्तै हुनुपर्दछ । विद्यालयलाई सामुदायिक केन्द्रको रूपमा विकसित गर्नुपर्दछ । विद्यालय र समुदायको राम्रो सम्बन्धबाट नै विभिन्न कार्यक्रमहरूलाई अगाडि बढाउन सकिन्छ ।

देशमा सञ्चालित विभिन्न किसिमका विकास सम्बन्धी कार्यकलापहरूको प्रदर्शन गर्ने थलोको रूपमा विद्यालयलाई विकसित गर्नुपर्दछ । समुदायका मानिसहरू त्यहाँ आई विकासका कार्यहरूलाई अवलोकन गर्ने, छलफल गर्ने जस्ता कार्यकलापहरू गर्न सक्दछन् । यसले गर्दा विद्यालय प्रति समुदायको कर्तव्य, शिक्षाको महत्व आदि जस्ता कुराहरू स्थानीय समुदायले बुझ्नेछन् र विद्यालयको विकासमा अभिरूची लिनेछन् ।

विद्यालय र समुदाय बीच सम्बन्ध बढाउन स्थानीय जनतालाई विकासबारे ज्ञान दिने थलोको रूपमा विद्यालयलाई विकसित गरिनुपर्दछ । उन्नत खेतीको प्रयोग, स्वास्थ्य सम्बन्धी शिक्षा, परिवार नियोजनको महत्व

जङ्गल विनाशको बेफाइदा आदि जस्ता कैयौं कुराहरूको ज्ञान दिने थलोको रूपमा स्थानीय विद्यालय विकसित हुनुपर्दछ ।

विद्यालयको विकासमा स्थानीय समुदायलाई निम्नलिखित कुराहरूमा समावेश गराएर शिक्षाको विकासमा मद्दत लिन सकिन्छ :

१. आवश्यक भौतिक र आर्थिक साधन जुटाएर,
२. भौतिक साधनहरू जुटाउन र पूर्ति गर्न, ग्रामीण समुदायको श्रम र सीपको प्रयोग गराएर,
३. बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने कार्यमा ग्रामीण समुदायको सहयोग उपलब्ध गराएर,
४. विद्यालय व्यवस्थापन समितिको माध्यमबाट शैक्षिक कार्यक्रमहरूको योजना तयार गरी कार्यान्वयन गर्ने कार्यमा समुदायको सहयोग उपलब्ध गराएर,
५. अनौपचारिक, प्रौढ एवं विद्यालय नआउने महिलाहरूका निम्ति अन्य कार्यहरूको तर्जुमा र कार्यान्वयन गर्ने कार्यमा समुदायको सहयोग जुटाएर ।

विद्यालय र समुदाय बीचको सम्बन्धलाई अझ घनिष्ट तथा रमाइलो बनाउन शिक्षक अभिभावक संघको स्थापना गरी विद्यालय तथा बालबच्चाहरूको प्रगति अभिभावकहरूको बीचमा प्रस्तुत गर्नाले समुदायका मानिसहरूले आ-आफ्नो छोराछोरीले शिक्षाबाट प्राप्त फाइदा प्रत्यक्ष्य रूपमा महसुस गर्न सक्नेछन् र यसबाट उनीहरूमा विद्यालय प्रतिको अभिरूचि बढ्न जानेछ । शिक्षक अभिभावक संघको बैठक समय समयमा हुनु अति जरूरी छ ।

स्थानीय तहको विभिन्न संगठनहरूको बैठक भेटघाट विद्यालयमा गर्नाले पनि विद्यालय र समुदाय बीचको सम्बन्ध राम्रो हुन्छ ।

निष्कर्षमा भन्ने हो भने विद्यालयलाई समुदाय केन्द्रको रूपमा परिणत गर्नुपर्दछ । यसो गर्नाले समुदाय र विद्यालय बीचको सम्बन्ध अझ सुदृढ भएर जानेछ र शिक्षाको प्रचार प्रसार हुनमा थप मद्दत पुग्नेछ ।

## विद्यालय समुदाय सम्बन्धमा विकास गर्ने आधारहरू
## (Basis of Developing School Community Relations)

प्रधानाध्यापकलाई समुदायको नेताको रूपमा हेरिन्छ । विद्यालयका विद्यार्थी भनेको त्यस समुदायका बालबालिका हुन्छन् । तसर्थ हरेक प्रधानाध्यापकले समुदायको सम्बन्धलाई सधैं सुमधुर बनाइराख्नु पर्दछ । यसका लागि बालबालिकाहरूसँगको व्यवहार सुमधुर हुनुपर्दछ । कारण बालबालिका नै विद्यालय र समुदायको सम्वन्धमा सुधार ल्याउने प्राथमिक तत्व हुन् । विद्यालय र समुदायको सम्वन्धलाई सुमधुर वनाउन विद्यार्थीको घर जाने, समुदायको कामको लागि स्वयं सचेतकको काम गर्ने गर्नुपर्दछ । विद्यालयको निर्णय गर्ने काममा शिक्षकलाई संलग्न गराउने र समुदायको काममा समेत शिक्षकलाई सहभागिता गराउनु पर्दछ । तसर्थ व्यवस्थापकको लागि शिक्षक र विद्यार्थीसँगको सम्बन्ध नै विद्यालय समुदाय सम्बन्ध विकासको जग हो ।

### १. विद्यार्थी र शिक्षकबाट प्राप्त प्रतिवेदन
### (Report through children and staff)

हरेक व्यवस्थापकले एक सचेतकको रूपमा आफैलाई समाजमा उभ्याउनु पर्दछ । शिक्षक विद्यार्थी विद्यालय व्यवस्थापकका प्रमुख अङ्ग हुन् । तसर्थ शिक्षक विद्यार्थीको भनाईलाई अत्यन्त संवेदनशील रूपमा विचार गर्नु पर्दछ । कुनै पनि शिक्षकको कुनै पनि कार्यक्रमलाई अन्धभक्त (Blindly) भई विद्यालयमा समावेश गराउनु हुँदैन, छलफलबाट निधो गर्नुपर्दछ । विद्यार्थी र शिक्षकको घरको भ्रमण गरी अझ सम्बन्ध दरिलो बनाउनु पर्दछ । जुन भ्रमण व्यवस्थित र समय समयमा भइरहनु पर्दछ । यस कार्यबाट व्यवस्थापकलाई शिक्षक र विद्यार्थीको बारेमा वास्तविक सूचना जम्मा गर्न मद्धत मिल्दछ । शिक्षक र विद्यार्थीका भनाईहरूलाई धैर्यपूर्वक सुन्नुपर्दछ र प्रत्यक्ष प्रमाणको आधारमा मात्र कारवाही चलाउनु पर्दछ । हरेक शिक्षक र विद्यार्थीको व्यक्तिगत समस्या समेतलाई कुशल व्यवस्थापकले संवेदनशील रूपमा हेर्नुपर्दछ । विद्यार्थीको शैक्षिक समस्या, खेलकुद, स्वास्थ्य, यातायात आदि बारेमा भनाइ प्रति व्यवस्थापक सधैं सचेत हुनुपर्दछ । व्यवस्थापकले साकारात्मक रूपमा कार्य सम्पादन गर्न आश्वासन दिने मात्र नभई कार्यान्वयन समेत गर्नुपर्दछ । जस्तो अपर्झट बिदाबारे, सभामा उपस्थित हुनेबारे, छलफलमा भाग लिने बारे, अन्य कुनै कार्यक्रममा सामेल हुनेबारे आदि ।

### २. विद्यालय सहयोगीलाई जानकारी
### (Report with School Pattrons)

हरेक विद्यालय एक औपचारिक संस्था हो । जसको निश्चित स्वरूप हुन्छ तर हरेक विद्यालयका कार्यक्रमहरू सामाजिक परिस्थिति अनुकूल फरक हुन सक्दछ । शिक्षाले सामाजिक आवश्यकता पूर्ति गर्नुपर्ने हुन्छ । तसर्थ विद्यालयलाई समाज सापेक्ष बनाउन विद्यालयका सहयोगीलाई सम्पूर्ण पक्षहरूको बारेमा यथार्थ जानकारी गराउन सक्नु पर्दछ । विद्यालय सहयोगीलाई अभिभावक दिवश मनाएर वा अन्य कार्यक्रममा सरिक गराएर जानकारी दिने व्यवस्था मिलाउनु पर्दछ ।

यस सम्बन्धमा विद्यालयका शैक्षिक कार्यक्रमको उद्देश्य र अन्य गतिविधिहरूबारे जानकारी दिने व्यवस्था मिलाउनु पर्दछ ।

जस्तो:

- विद्यालयको अध्ययन विषय र त्यसको लागि आवश्यक पर्ने भौतिक व्यवस्था, शैक्षिक सामग्री र शिक्षकको व्यवस्था सम्बन्धमा ।
- आवश्यक आर्थिक स्रोतहरू उपलब्ध भएको बारेमा त्यसको परिचालन सम्बन्धमा र नपुग आर्थिक स्रोत जुटाउन गरिएको व्यवस्था सम्बन्धमा ।
- विद्यालयले सञ्चालन गर्ने अतिरिक्त कार्यक्रमका साथै समुदायले सञ्चालन गर्ने र विद्यालयले समुदायको निम्ति सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमा ।
- यस बाहेक समसामयिक घटना र अन्य कार्यको सम्बन्धमा ।

यस प्रकारले कुशल व्यवस्थापकले विद्यालयको सम्पूर्ण दस्तावेजलाई प्रतिवेदनको रूपमा विद्यालयको स्वरूप झल्किने गरी प्रस्तुत गर्नुपर्दछ ।

## ३. विद्यालय व्यवस्थापन समितिबाट सहयोग (Co-operation from School Management Committee)

विद्यालय एक सामाजिक संस्था हो । तसर्थ यसको व्यवस्थापन सञ्चालनको लागि स्थानीय जनताको जन सहभागिता जुटाउनु पर्दछ । यस सन्दर्भमा विद्यालय व्यवस्थामा विद्यालय व्यवस्थापन समिति एक प्रमुख आधार मानिएको छ ।

हाम्रो मुलुकमा विद्यालयलाई सहयोग जुटाउने सम्बन्धमा विभिन्न समयमा विभिन्न नाम दिइएको पाइन्छ । जस्तो विद्यालय सञ्चालक समिति, विद्यालय सहयोग समिति र हाल व्यवस्थापन समिति । तर नाम जे राखिएता पनि यसको मुख्य उद्देश्य विद्यालयको विकासमा जनताको सहभागिता जुटाउनु नै हो ।

विद्यालय व्यवस्थापकले जनताको सहभागिता जुटाउन विभिन्न क्षेत्रका मानिसहरूलाई संलग्न गराउनु पर्दछ । जस्तो शिक्षाप्रेमी, अभिभावक, चन्दादाता, शिक्षाविद, समाजसेवी, राजनीतिक कार्यकर्ता आदि ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयको सम्पूर्ण विकासमा सहयोग पुऱ्याउनु पर्दछ । विद्यालय व्यवस्थापन समितिले प्रचलित शैक्षिक कार्यक्रमको बजेटको व्यवस्था गर्ने, चल अचल सम्पतिको विकास र संरक्षण गर्ने, स्थानीय स्रोतको (भौतिक र मानविय) उच्चतम उपयोग गर्ने साथै विद्यालयसँग सम्बन्धित सम्पूर्ण विकासका लागि सहयोग पुऱ्याउनु पर्दछ ।

**शिक्षा नियमावली २०४९ छैठौं संशोधन (२०५४) अनुसार पूर्व प्राथमिक र प्राथमिक विद्यालय व्यवस्थापन समितिका गठन गर्ने प्रावधान निम्न अनुसार रहेको छ:**

१. विद्यालयको संस्थापक वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति । - अध्यक्ष

२. अभिभावकहरू मध्येबाट सम्बन्धित निरीक्षकको सिफारिशमा कम्तिमा एकजना महिला पर्ने गरी जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुईजना - सदस्य

३. अभिभावक तथा पिछडिएका वर्गका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुइजना - सदस्य

४. विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको अध्यक्ष - सदस्य

५. प्रधानाध्यापक - सदस्य सचिव

## विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

*(सरकारी अनुदान प्राप्त विद्यालय)*

(क) विद्यालयको सञ्चालन रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको व्यवस्थापनको निमित्त चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालीम दिन छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूलाई तालीममा पठाउँदा तालीम दिई फर्केपछि कम्तिमा तीन वर्ष विद्यालयमा सेवा गर्ने शर्तको कबुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(च) जिल्ला शिक्षा अधिकारीको पूर्व स्वीकृति लिई निलम्वन र अवकाश दिने बाहेक प्रधानाध्यापक उपर सबै किसिमको विभागीय सजायँ र अन्य शिक्षक तथा कर्मचारी उपर प्रधानाध्यापकले गर्ने बाहेक अन्य विभागीय सजाय गर्ने,

(छ) विद्यालयमा कर्मचारीहरूको दरबन्दी जिल्ला शिक्षा समितिको स्वीकृत लिई निर्धारण गर्ने तथा स्वीकृत दरबन्दीमा कर्मचारी नियुक्ति गर्ने र त्यस्ता कर्मचारीहरूको नियुक्ति तथा सेवा शर्तहरू जिल्ला शिक्षा समितिको स्वीकृती लिई निर्धारण गर्ने,

(ज) विद्यालयमा रिक्त रहेको शिक्षक पद स्थायी पूर्तिको लागि सो रिक्त रहेको मितिले पन्ध्र दिनभित्र जिल्ला शिक्षा कार्यालयमा माग गर्ने,

(झ) श्री ५ को सरकारले तोकिदिएको तलव स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलव भत्ता खुवाउने,

(ञ) विद्यालयका लागि आवश्यक भौतिक साधनहरूको व्यवस्था गर्ने,

(ट) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिने,

(ठ) विद्यालयको चल-अचल सम्पतिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ड) विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ढ) तोकिएको लेखापरीक्षकद्वारा विद्यालयको लेखापरीक्षण गराउने र लेखापरीक्षकलाई सरकारी अनुदान बाहेक विद्यालयको अन्य स्रोतबाट पारिश्रमिक दिने,

(ण) लेखापरीक्षकको प्रतिवेदनमाथि तत्काल आवश्यक कारवाही गर्ने र जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने,

(त) समितिको आफ्नो आयस्रोतले भ्याउने गरी विद्यालयका शिक्षकहरूलाई थप आर्थिक सुविधा उपलब्ध गराउनु सक्ने,

(थ) जेहेन्दार, गरीब, अपाङ्ग तथा महिला विद्यार्थीहरूलाई विद्यालयको स्रोतबाट छात्रवृत्ति दिने र विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई शुल्क माफी दिने व्यवस्था गर्ने,

(द) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यहरूले समय समयमा सम्बन्धित विद्यालयको निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, यसरी पेश हुन आएको प्रतिवेदन माथि अविलम्ब कारवाही गर्ने,

(ध) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक धार्मिक एवं साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(न) श्री ५ को सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गर्ने,

(प) विद्यालयको पढाई तथा अन्य शुल्क निर्धारण गर्दा जिल्ला शिक्षा समितिको स्वीकृति लिने,

(फ) जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(ब) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराइ राख्ने,

(भ) विद्यालयका शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(म) पुरस्कृत हुन योग्य शिक्षक तथा कर्मचारीहरूको नामावली जिल्ला शिक्षा कार्यालयमा सिफारिश गरी पठाउने,

(य) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएका आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(र) निरीक्षक तथा स्रोत केन्द्रबाट विद्यालय निरीक्षण भए नभएको सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउने,

(ल) समय समयमा विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी सो सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन आवश्यक कार्यवाहीको लागि जिल्ला शिक्षा कार्यालयमा पठाउने,

(व) विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये केही अधिकार सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ,

(प) विद्यालय व्यवस्थापन समितिको कार्यालय विद्यालय भवनमा रहनेछ । विद्यालयको कागज पत्र, अभिलेख इत्यादि सुरक्षित राख्नु पर्नेछ र विद्यालय हाताभन्दा बाहिर लैजान पाइने छैन ।

**निजी क्षेत्रका पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठनः**

(क) विद्यालयको संस्थापक वा विद्यालयले सिफारिश गरेको व्यक्तिहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ग) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानि पठाएको एक जना - सदस्य

(घ) विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सदस्य - सदस्य

(ङ) सम्बन्धित विद्यालयका अभिभावकहरू मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी सो विद्यालय व्यवस्थापन समितिबाट मनोनीत दुइजना - सदस्य

(च) प्रधानाध्यापक - सदस्य सचिव

**निजी क्षेत्रका विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्ने,

(ख) विद्यालय सञ्चालनको निमित्त चाहिने आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ग) शिक्षक तथा कर्मचारी सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(घ) शिक्षक तथा कर्मचारी माथि कारवाही गर्ने,

(ङ) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(च) विद्यालयको चल-अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने,

(छ) कम्तीमा पाँच प्रतिशत गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने,

(ज) श्री ५ को सरकारले निर्धारण गरे अनुसार परीक्षामा विद्यार्थीहरूलाई सम्मलित गराउने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ञ) विद्यालयको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ट) श्री ५ को सरकारले लागु गरेको पाठ्यक्रम पाठ्यपुस्तक अनिवार्य रूपमा लागु गर्ने र मन्त्रालयको स्वीकृति लिएर मात्र अन्य सहयोगी पाठ्यपुस्तकहअरू पढाउने ।

(ठ) श्री ५ को सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ड) क्षेत्रीय शिक्षा निर्देशकबाट स्वीकृत लेखापरीक्षकको सूची मध्ये जिल्ला शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने तथा लेखापरीक्षकको प्रतिवेदन अनुसार कारवाही गर्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरू समेतको वार्षिक सभामा विद्यालयको आय व्यय विवरण तथा शैक्षिक गतिविधिको प्रतिवेदन प्रस्तुत गर्ने,

(ण) जिल्ला शिक्षा कार्यालयको सहमती लिई विद्यालयहरूबाट लिइने मासिक तथा अन्य शुल्कहरू निर्धारण गर्ने,

(त) विद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारीको पदपूर्ति गर्दा योग्यता पुगेका उम्मेदवारहरू मध्येबाट छनौट गरी नियुक्ति दिने,

(थ) शिक्षक तथा कर्मचारीको छनौट गर्दा जिल्ला शिक्षा कार्यालयको प्रतिनिधित्व हुने गरी एउटा छनौट समितिको व्यवस्था गर्ने,

(द) विद्यालयका शिक्षक तथा कर्मचारीलाई श्री ५ को सरकारले तोकिदिएको तलव स्केलमा नघट्ने गरी तलव भत्ता खुवाउने,

(ध) शिक्षक नियुक्ति गर्दा शुरुमा एक वर्षको परीक्षणकालमा नियुक्ति गर्ने,

(न) स्थायी नियुक्ति पाएका शिक्षक कर्मचारीलाई सञ्चय कोषको व्यवस्था गर्ने,

(प) प्रत्येक विद्यालयले शिक्षक तथा कर्मचारी कल्याणकोषको स्थापना गर्नको लागि प्रत्येक वर्ष आफूले आर्जन गरेको खुद आयको कम्तीमा दुई प्रतिशतले हुने रकम जम्मा गरी सो रकमबाट विद्यालयको सेवाबाट अवकास प्राप्त गरेका शिक्षक तथा कर्मचारीहरूलाई विद्यालय व्यवस्थापन समितिले तोकिदिए बमोजिम उपदान तथा अन्य सुविधा दिने,

(प) १. खण्ड (प) बमोजिम शिक्षक तथा कर्मचारी कल्याण कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिेखित काममा बाहेक विद्यालयको अन्य काममा खर्च गर्न नदिने,

(फ) विद्यालयको तथ्याङ्क तथा अन्य विवरण जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालयलाई उपलब्ध गराउने,

(ब) श्री ५ को सरकारले दिएको निर्देशनहरू पालना गर्ने,

(भ) विद्यालय एक ठाउँबाट अर्को ठाउँमा सार्नुपर्दा जिल्ला शिक्षा कार्यालयको स्वीकृति लिनुपर्ने,

२. उपनियम (१) को परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्य व्यवस्थित गर्न विनियम बनाउन सक्नेछ । त्यस्तो विनियम जिल्ला शिक्षा समितिबाट स्वीकृत भएपछि लागु हुनेछ ।

३. विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये केही अधिकार सदस्य सचिवलाई सुम्पन सक्नेछ ।

## ४. समुदायको स्रोतहरू
## (Community Resources)

हरेक विद्यालयका व्यवस्थापकले विद्यालय सञ्चालन गर्न बाह्य र आन्तरिक स्रोतहरूको उच्चतम उपयोग गरी व्यवस्थापन पक्षलाई बढी प्रभावकारी र मजबूत बनाउनु पर्दछ । व्यवस्थापनले समुदायको आर्थिक, सामाजिक, धार्मिक अवस्थालाई केलाई समाजमा विद्यमान विभिन्न स्रोतहरूको परिचालन उच्चतम रूपमा गर्ने

प्रयास गर्नुपर्दछ । समुदायमा विद्यमान विभिन्न स्रोतहरूलाई विद्यालयको विकासमा सक्रिय बनाउनु पर्दछ । जनताको सहयोगबाट कसरी आर्थिक स्रोत जुटाउन सकिन्छ सो बारेको कार्यक्रम संचालन गर्नुपर्छ । जस्तो: हाट बजार, सार्वजनिक जग्गाको सदुपयोग, वृक्षारोपण आदि विभिन्न परिवेशमा समाज सापेक्ष कार्यक्रम दिन सकिन्छ । समाजमा विभिन्न प्रकारका पेशामा संलग्न मानिसहरू बसोबास गरेका हुन्छन् । जस्तै: शीपयुक्त, (सिकर्मी, डकर्मी, कलाकार) धर्मगुरू, समाजसेवी, स्वास्थ्य कर्मी आदि । त्यस्ता व्यक्तिलाई समुदायको स्रोत सम्झिनु पर्दछ । समुदायमा पाटी, पौवा, धर्मशाला, चउर आदि हुन्छन् जसलाई समुदायका भौतिक स्रोतको रूपमा लिनु पर्दछ । यसरी समाजमा विद्यमान भौतिक, आर्थिक मानवीय स्रोतहरूको पहिचान गर्नुपर्दछ त्यसको समुचित उपयोग के कसरी गर्न सकिन्छ त्यसको लेखाजोखा गर्ने, चिन्तन मनन गर्ने र अन्तमा कार्यान्वयन समेतमा अग्रसर भई समुदायका स्रोतहरूको अधिकतम उपयोग गर्न कुशल व्यवस्थापक सधैं सक्रिय हुनुपर्दछ ।

## ५. समुदायको गतिविधिमा सहभागी
## (participation in Community Activities)

विद्यालय समुदायको लागि स्थापना भएको हुन्छ । तसर्थ विद्यालयले समुदायको विभिन्न क्रियाकलाप सहभागी भई समुदायको जीवनको रूपमा रहन सक्नुपर्दछ । व्यवस्थापकले विद्यालय समुदायको एक अभि अङ्ग हो भन्ने महसुस गराउन समुदायका विभिन्न गतिविधिमा सहयोग पुऱ्याउनु पर्दछ । विद्याल व्यवस्थापनले समुदायको जीवनसँग सम्बन्धित विविध कार्यक्रम समेत दिनुपर्दछ । समुदायको समस्यालाई सा समस्याको रूपमा हेर्नुपर्दछ । विद्यालय समुदायको सेवा गर्ने साधन हो भन्ने धारणा राख्नु पर्दछ । विद्यालय सभाकक्ष, पुस्तकालय, खेल्ने चउर, फर्निचर र अन्य साधन समुदायको प्रयोगको लागि उपलब्ध गराउनु प अर्थात दोहोरो बाटो (Two Way Street) को रूपमा सम्बन्धको विकास गर्दै जानुपर्दछ । जस्तो रे अभियान, सफाइ अभियान, वृक्षारोपण अभियान, सभा समारोह आदि ।

## ६. विद्यालयका सुविधाहरू समुदायले प्रयोग गर्नु
## (Community use of School Facilities)

विद्यालय एक सार्वजनिक सामाजिक संस्था हो । जसमा समुदायका सम्पूर्ण मानिसहरूको सहभागिता भवन बनाउनदेखि आर्थिक, बौद्धिक, प्राविधिक पक्षको सहयोग प्राप्त भएको हुन्छ । तसर्थ विद्यालयलाई जीवन्तता दिन समुदायको सहभागितामा निरन्तरता प्रदान गर्नुपर्दछ । विद्यालयको सम्पूर्ण पक्ष समुदायमुखी हुनुपर्छ । यस सन्दर्भमा कुशल व्यवस्थापकले विद्यालयमा विद्यमान सम्पूर्ण भौतिक पक्ष र मानवीय पक्षलाई समुदायको आवश्यकता अनुरूप प्रयोगमा ल्याउनु पर्दछ ।

समुदायलाई राष्ट्रिय पर्वमा सभा सञ्चालन गर्न विद्यालय उपलब्ध गराउनु पर्दछ । प्रौढ कक्षा सञ्चालन गर्न, नेत्रदान कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने भवन, फर्निचर तथा अन्य आवश्यकीय पक्षहरूको प्रयोग गर्न दिनु पर्दछ । त्यस्तै प्रकारले विद्यालयको चउरमा भेला, प्रदर्शनी वा छोटो अवधिका कार्यक्रम सञ्चालनका लागि उपलब्ध गराउनु पर्दछ । चाडपर्व, विवाह, व्रतबन्ध वा अन्य सामुहिक र व्यक्तिगत काममा समेत विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी भौतिक सामानको प्रयोग समुदायलाई गर्न दिनुपर्दछ ।

372
MAT-p
2058